## अध्याय बीस

# रेडियो नेपाल र जनजाति

**कुमार यात्रु**

### परिचय

आज विश्वमा सूचना प्रविधिको क्षेत्रमा आश्चर्यजनक परिवर्तनहरू भएका छन् । तैपनि रेडियोको महत्त्व घटेको छैन । नेपाली परिवेशमा रेडियो नेपाल सूचनाको स्रोत, मनोरञ्जनको साधन र शिक्षा एवं प्रेरणाको आधारशिला अद्यापि छँदैछ । यो आधा शताब्दीभन्दा लामो समयदेखि श्रोतालाई शिक्षा, अभिप्रेरणा र मनोरञ्जन प्रदान गर्दै आएको राज्य नियन्त्रित प्रसारण संस्था हो । यस्तो महत्त्वको सञ्चार साधनले राष्ट्रको सही वस्तुस्थिति प्रस्तुत गर्नुपर्छ । नेपाल भनेको नदी, पहाड, हिमाल, तराई एवं भूगोल मात्र होइन । वास्तवमा जाति, भाषा, संस्कृतिले नै राष्ट्रको पहिचान गर्दछ । मुलुकको बहुजातीय उपस्थिति (१०३ जाति), बहुभाषिक (९३ भाषा) र बहुसंस्कृतिलाई राज्यनियन्त्रित संस्थाहरूको प्राथमिकतासँग दाँजेर मूल्याङ्कन गर्नु आवश्यक छ । यस्तो विश्लेषण, अध्ययनले बहुजातीय समाजमा सञ्चार प्रतिष्ठानहरूलाई प्रजातान्त्रिक बनाउन तथा विगत र वर्तमान अवस्थाको मूल्याङ्कनबाट भावी

कार्यक्रम निर्धारण गर्न मद्दत गर्दछ । यस अध्ययनमा रेडियो नेपालमा नेपालका जनजातिको स्थान के कस्तो छ भन्नेबारे विश्लेषण गर्न खोजिएको छ ।

## अध्ययनको उद्देश्य

यो अध्ययनको प्रमुख उद्देश्य रेडियो नेपालमा आदिवासी जनजातिका विभिन्न सवालको प्रस्तुतीकरणबारे विवेचना गर्नु हो । यसअलावा अध्ययनका निम्न उद्देश्य पनि राखिएका छन्:

अ. आम सञ्चार माध्यममध्ये प्रमुख संस्था रेडियो नेपाल तथा आदिवासी जनजातिको अन्तरसम्बन्ध खोज्ने ।

आ. रेडियो नेपालको परम्परागत आधार र त्यसको अवैज्ञानिक संरचनाहरूको निरूपण गर्ने ।

इ. आदिवासी जनजातिहरूको भाषा, धर्म, संस्कृति, गीत, सङ्गीत एवं साहित्यलाई सञ्चार माध्यममा प्रस्तुत गर्दा अपनाउनुपर्ने सावधानीबारे प्रकाश पार्ने ।

ई. एकल राष्ट्रवादको अवधारणालाई परिवर्तन गरेर बहुलवादी समाजको आवश्यकता अनुसार रेडियो नेपाललाई परिमार्जन गर्न सुझावहरू प्रस्तुत गर्ने ।

## पूर्व अध्ययनको समीक्षा

रेडियो नेपालसम्बन्धी अध्ययन गर्ने परम्परा त्यति लामो छैन । झन् जनजातीय दृष्टिकोणबाट त यस्ता अध्ययन अत्यन्तै कम भएको छ । बेलाबेलामा सरकारी पक्षबाट आन्तरिक रूपमा अध्ययन भए पनि तिनमा जनजातीय सवालको खासै उल्लेख भएको पाइँदैन । तर २०५१ सालमा नरहरि आचार्यको संयोजकत्त्वमा राष्ट्रिय भाषामा समाचार प्रसारण गर्न बनेको सुझाउ समिति यसतर्फको उल्लेख्य कदम हो । यस समितिले भारोपेली परिवारका भोजपुरी, थारू र अवधी एवं भोटबर्मेली परिवारका तामाङ, राई-बान्तवा, मगर, लिम्बू र गुरुङ भाषामा दिनको एकपटक पाँच मिनेट समाचार प्रसारण गर्न सिफारिस गरेको थियो (आचार्य २०५१) ।

मिडिया समालोचनाको कोणबाट इन्स्टिच्यूट फर इन्टिग्रेटेड डेभलपमेन्ट स्टडिजले प्रकाशन गरेको *मास मिडिया एण्ड डेमोक्रटाइजेसन: अ कन्ट्री स्टडी अन नेपाल* महत्त्वपूर्ण अध्ययन हो (आदित्य सन् १९९६) । यस अध्ययनमा रेडियोमा महिला, राजनीति, विकास, समाजसेवा, पर्यावरण जस्ता पक्षको स्थान केलाइएको छ । तर जनजाति र अन्य उपेक्षित जात-जातिबारे केही चर्चा छैन । विगतमा रेडियो नेपालबारे श्रोता सर्वेक्षण पनि भएका थिए । तीमध्ये रेडियो

नेपालको श्रोता सर्वेक्षण एकाइले सन् १९९७ मा गरेको राष्ट्रव्यापी अध्ययन पछिल्लो हो (मङ र घिमिरे १९९७)। यस अध्ययनमा जात, उमेर, लिङ्ग, क्षेत्र इत्यादिका आधारमा श्रोताको रेडियो श्रवण प्रक्रियाबीचको सम्बन्धलाई केलाइएको पाइन्छ।[1] त्यस सर्वेक्षणको प्रतिवेदनमा रेडियो नसुन्नेमध्ये ५० प्रतिशत गैर नेपालीभाषी भएको उल्लेख छ। त्यसैगरी त्रिवि पत्रकारिता विभाग र फ्रेडरिक इवर्ट स्टिफटुङद्वारा प्रकाशित *बहुलवादी नेपाली समाजमा आमसञ्चार* (खनाल, राई, पोखरेल र पौडयाल २०५४) विषयक पुस्तक प्रकाशन गरेको छ। नेपाली समाजको बहुलतालाई ख्याल गरेर मिडियाले सामग्री पस्कनु पर्ने आग्रह सो पुस्तकमा लेखकहरूले गरेका छन्।

तर, समग्र आदिवासी जनजातिको मुद्दालाई केन्द्रित गरेर अध्ययन भने भएको थिएन। रेडियो पत्रकारिता र आदिवासी जनजाति विषयमा सामाजिक विकास तथा अनुसन्धान केन्द्र (मार्टिन चौतारी) को पहलमा पहिलोपटक *नेपाली मिडियामा दलित तथा जनजाति* विषयको अनुसन्धानमूलक कृति प्रकाशित छ (वन्त र पराजुली २०५८)। छापा र रेडियो पत्रकारिताबारे ६ जना अनुसन्धानकर्ताले तयार गरेको सो पुस्तक आदिवासी जनजातिको लागि अनुसन्धानको आधारशिला हो। त्यसमा दलित र जनजातिको दृष्टिकोणबाट समग्र मिडिया प्रवृत्तिको लेखाजोखा गरिएको थियो। तर यो अध्ययन रेडियो नेपालमा मात्र केन्द्रित भई जनजाति सवालका विभिन्न आयामको खोजबीन गर्ने उद्देश्यले थालिएको हो।

## अध्ययन विधि, औचित्य, सीमा र सङ्गठन

प्रस्तुत अध्ययनमा नेपालका जनजातिको भाषिक, साहित्यिक, सांस्कृतिक, राजनीतिक, सामाजिक एवं आर्थिक पक्ष र रेडियो नेपाल बीचको सहसम्बन्ध केलाउन खोजिएको हो। यसका लागि आवश्यकताअनुसार प्राथमिक र सहायक स्रोतको उपयोग गरिएको छ। रेडियोसँग सम्बन्धित अध्ययन प्रतिवेदनहरूमा प्राप्य सामग्री, पुराना रेडियोकर्मीहरूको जीवनी तथा उनीहरूसँगको अन्तर्वार्ताका आधारमा पनि केही सूचना समावेश गर्न सकियो। यस प्रकार अध्ययनमा मूलतः यी तीनखाले स्रोतको उपयोग गरिएको छः

१. प्रकाशित तथा अप्रकाशित विभिन्न सामग्रीको अध्ययन
२. व्यक्तिगत अन्तर्वार्ता
३. रेडियो कार्यक्रम श्रवण

[1] रेडियो श्रोता सर्वेक्षणको समीक्षा गरिएको लेखका लागि हेर्नुहोस् अध्याय २२।

आदिवासी जनजातिको सवाल विश्वव्यापी रूपमा नै उठाइएको विषय हो । सीमान्तीकरणको चपेटामा परेका आदिवासीलाई मुलुकको सर्वाङ्गीण विकासमा सहभागी गराउनु पर्ने चुनौतीपूर्ण यथार्थ एकातिर छ भने अर्कोतिर सञ्चारमाध्यमहरूलाई प्रजातन्त्रीकरण गर्दै त्यसको सामग्री चयन गर्ने, श्रोताको चाहनाबमोजिम कार्यक्रम सञ्चालन गर्ने र राष्ट्रिय चरित्रअनुकूल परिमार्जन गर्नु पर्ने अवस्था छ। यस्तो बखत आदिवासी जनजाति र सञ्चारमाध्यमबीचको अन्तरसम्बन्धलाई केलाउन आवश्यक हुन्छ । एकाङ्की र विखण्डनोन्मुख राष्ट्रियतालाई सबल बनाएर एकीकृत राष्ट्रियताको मूल प्रवाहमा ल्याउन सञ्चारमाध्यम उपयोगी औजार हुन सक्छन् । राज्य नियन्त्रित रेडियो नेपालको पहुँच, प्रभावकारिता र जिम्मेवारी अरूभन्दा फराकिलो भएकाले यसको भूमिका पनि बढी नै हुन्छ ।

जहाँसम्म अध्ययन क्षेत्रको विषय छ, आदिवासी जनजाति र मिडियाबीचको अन्तरसम्बन्धको क्षेत्र भीमकाय छ । सीमित समय र साधन स्रोतको कारण यो अध्ययन एउटा प्रारम्भविन्दु मात्र हो । आदिवासी जनजातिको समस्या पहिचानमा नै हाल समस्या देखा परिरहेको बखत जनजाति समुदायको सीमित अध्ययन र अनुसन्धानको आधारमा गोष्ठी, सेमिनार र सरकारले औंल्याएको मुद्दाको आधारमा यो अध्ययन गरिएको हो । रेडियोका विशाल श्रोता, विविध प्रकारका कार्यक्रम र अधिराज्यभर छरिएका जनजातिको क्षेत्रबारे सूचना सामग्री सङ्कलन गर्न पनि अध्ययनको लघु सीमामा सम्भव भएन । यसैगरी रेडियो नेपालबाट प्रसारण हुने विज्ञापन सामग्री पनि यस अध्ययनमा समावेश गरिएको छैन ।

यस अध्ययनलाई यस परिचय खण्डबाहेक ६ खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डमा जनजातिको परिभाषा र पहिचानलाई विभिन्न कोणबाट प्रस्तुत गर्ने जमर्को गरिएको छ। भाषा, संस्कृति, बसोबास, धर्म इत्यादिबारे तथ्याङ्क पनि यो खण्डमा परेको छ। दोस्रो खण्डमा रेडियो नेपाल र जनजाति सवाललाई विवेचना गरिएको छ। सोही क्रममा विभिन्न कालखण्डमा रेडियो नेपालका कार्यक्रमहरूमा जनजातीय मुद्दा कसरी उठ्यो भन्ने विषय उठाइएको छ । तेस्रो खण्डमा हालको अवस्थाबारे सूचना, शिक्षा र मनोरञ्जनको पाटोबाट जनजाति सवालमा गरिएको प्रस्तुतिको सकारात्मक र नकारात्मक पक्षको निरूपण गर्ने प्रयास गरिएको छ । चौथो खण्डमा रेडियो नेपालले जनजातिहरूलाई उपेक्षा गर्नका कारण खोतलिएको छ भने पाँचौं खण्डमा यसको सुधारका लागि नीतिगत र व्यावहारिक सुझाव दिइएको छ । अन्तिम खण्ड- निष्कर्षमा अध्ययनको निचोड छ ।

## नेपाली समाजमा जनजातिको उपस्थिति

नेपाली समाज बहुजातीय, बहुसांस्कृतिक, बहुभाषिक र बहुधार्मिक समाज हो । सन् २००१ मा सम्पन्न राष्ट्रिय जनगणनाको परिणामले नेपालमा १०३ भन्दा बढी जातजातिको अस्तित्व देखाएको छ । यसमध्ये सबैभन्दा धेरै १५% जनसङ्ख्या भएको क्षेत्रीदेखि केवल १६४ सङ्ख्यामात्र भएको कुसुण्डा पर्दछन् । वर्गीकरणका आधारमा भन्ने हो भने मुलुकको ठूलो सङ्ख्यामा आदिवासी-जनजाति र त्यसपछि क्रमशः खस-ब्राह्मण, मधेसी, दलित एवं अन्य अल्पसङ्ख्यक समुदाय पर्दछन् ।

**तालिका २०.१: नेपालका आदिवासी जनजाति**

| *हिमाली क्षेत्र* | | *पहाडी* | |
|---|---|---|---|
| १. बाह्रगाउँले | २. भुटिया | १. वनकरिया | २. बरामो |
| ३. व्यासी | ४. छैरोतन | ३. भुजेल/घर्ती | ४. चेपाङ |
| ५. डोल्पो | ६. लार्के | ५. छन्त्याल | ६. दुरा |
| ७. ल्होमी (सिंग्साबा) | ८. ल्होपा | ७. गुरुङ | ८. हायू |
| ९. मार्फाली थकाली | १०. मुगाली | ९. ह्योल्मो | १०. जिरेल |
| ११. शेर्पा | १२. सियार | ११. कुशबाडिया | १२. कुसुण्डा |
| १३. ताङ्बे | १४. थकाली | १३. लेप्चा | १४. लिम्बू |
| १५. थुदुम् | १६. तीनगाउँले थकाली | १५. मगर | १६. नेवार |
| १७. तोप्केगोला | १८. वालुङ | १७. पहरी | १८. फ्री |
| | | १९. राई | २०. सुनुवार |
| | | २१. सुरेल | २२. तामाङ |
| | | २३. थामी | २४. याक्खा |
| *भित्री मधेश* | | *तराई* | |
| १. बोटे | २. दनुवार | १. धानुक राजवंशी | २. धिमाल |
| ३. दराई | ४. कुमाल | ३. गनगाई | ४. झाँगड |
| ५. माझी | ६. राजी | ५. किसान | ६. मेचे |
| ७. राउटे | | ७. राजवंशी (कोचे) | ८. सतार/सन्थाल |
| | | ९. ताजपुरिया | १०. थारू |

स्रोतः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ (अनुसूची) ।

प्रागऐतिहासिक कालदेखि मुलुकभित्र बसोवास गर्दै आएका बासिन्दालाई मानवशास्त्री, समाजशास्त्री, इतिहासकार एवं सरकारहरू समेतले विभिन्न शब्दद्वारा सम्बोधन गर्दै आएका छन् । अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) ले स्वीकृत गरेको 'आदिवासी तथा आदिम जातिहरूसम्बन्धी महासम्मेलन' मा पारित प्रस्तावअनुसार "आदिवासी भन्नाले विद्यमान शासक समूहहरूभन्दा पहिले आएको र आफ्नो परम्परा, रीतिरिवाज, संस्कारलगायत सामाजिक, सांस्कृतिक र आर्थिक रूपमा राज्यको मूल प्रवाहमा बेग्लै भएका तर शासित भएर रहनु परेकालाई

जनाउँदछ" भनेको छ (गुरुङ २०५३ मा उद्धृत) । २०४६ सालअगाडि यो समुदायलाई सेतामगुराली (शेर्पा, तामाङ, मगर, गुरुङ, राई र लिम्बू) पनि भन्ने गरिन्थ्यो । त्यसैगरी मूलवासी, मङ्गोल, आदिवासी, देशज वा मूल निवासी (नेटिभ्स), आदिम जाति, मतवाली पनि भन्ने गरिन्थ्यो । छिमेकी मुलुक भारतमा 'ट्राइव', चीन, पूर्व सोभियत रुस, वर्मा र युरोप तथा पश्चिमा मुलुकमा 'नेसनालिटिज' वा 'माइनोरिटी नेसनालिटिज' भन्ने चलन छ (सुब्बा २०५६: ६२-६३) ।

नेपाल जनजाति महासंघको विधानमा जनजातिको परिभाषा गर्दै भनिएको छ- "हिन्दू वर्णाश्रमको संरचनाभित्र नपर्ने नेपालका आदिवासी एवं मूल जातिहरूलाई जनजाति जनाउँछ" । प्रा. सन्तबहादुर गुरुङको अध्यक्षतामा गठित जनजाति उत्थान प्रतिष्ठानको कार्यदलले दिएको मूल प्रतिवेदन-२०५३ मा "आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज भएको तर हिन्दू वर्णाश्रम व्यवस्थाभित्र नपर्नेहरू जनजातिअन्तर्गत् पर्दछन्" भनिएको छ । सोही प्रतिवेदनमा जनजाति समुदायको विशेषता यसरी उल्लेख गरिएको छः

> जसको छुट्टै सामूहिक, सांस्कृतिक पहिचान छ, जसको परम्परागत भाषा कर्म, रीतिरिवाज र संस्कृति छ, जसको परम्परागत सामाजिक संरचना समानतामा आधारित छ, जसको आफ्नो परम्परागत भौगोलिक क्षेत्र छ, जसको लिखित वा अलिखित इतिहास छ, जसको 'हामी' भन्ने भावना छ, जसको आधुनिक नेपालमा राजनीति र राज्य सञ्चालनमा निर्णायक भूमिका छैन, जो नेपालको आदिवासी हो, जो आफूलाई जनजाति भन्छन् (गुरुङ २०५३: १३) ।

कार्यदलले ६१ जनजातिलाई पहिचान गरेको थियो । सोही सिफारिसको आधारमा संसदको दशौँ अधिवेशनले पारित गरेको विधेयकमा ५९ जनजातिलाई अनुसूचित गर्दै आदिवासी जनजाति प्रतिष्ठान ऐन २०५८ को निर्माण गरेको छ। सो ऐनअनुसार हिमाली मूलका १८ पहाडी क्षेत्रका २४ भित्री मधेशको ७ र तराई क्षेत्रका १० समेतलाई जनजाति पहिचान गरी २५ माघ २०५८ को राजपत्रमा सूचना प्रकाशित गरिएको छ (हेर्नुहोस् तालिका २०.१) ।

यसप्रकार आदिवासी जनजातिहरू नेपाल अधिराज्यभर छरिएर रहेका छन् । यीमध्ये नेवारहरू सहरकेन्द्रित छन् भने शेर्पा, थकाली, राई, लिम्बू, गुरुङ, तामाङ, थारू आदि सहर र गाउँमा छरिएका छन् । राउटे, कुसुन्डा, चेपाङ, वनकरिया, वनमा नै जीवन बिताइरहेका छन् । अन्य जनजातिहरू मूलतः दुर्गम गाउँमा बस्छन् (गुरुङ २०५३: २४) । भाषाको दृष्टिकोणले नेपाली समाजमा विविधता रहेको छ । चूडामणि बन्धुले नेपाली जातिका भाषालाई चार भाषा परिवारमा विभाजन गर्नुभएको छ । (१) भारोपेली भाषा (भारतीय आर्य) हरू- नेपाली, मैथिली, भोजपुरी,

अवधी, थारू, राजवंशी, दनुवार, दराई, माझी, बोटे तथा कुमाल (२) चिनी-भोटिया परिवारका भोट, बर्मेली भाषाहरू- नेवार, तामाङ, गुरुङ, मगर, राई, लिम्बू, सुनुवार, चेपाङ, धिमाल, पहरी, मेचे, जिरेल, थामी, थकाली, राजी, हायू, व्याँसी, लेप्चा, शेर्पा, मनाङे, काइके, खाम, भोटे, छन्त्याल, कागते, शेर्पा, ल्होमी, डोल्वा, दुरा, क्षोरोङ आदि (३) आष्ट्रो-एसियाटिक (मुण्डासन्थाली)- सतार र (४) द्रविडीयन (उत्तरी कुरुक्स)- झाँगर र ढाँगर (बन्धु सन् १९८९: १२२) । श्री ५ को सरकारद्वारा १४ जेठ २०५० मा प्राज्ञ तिलविक्रम नेम्बाङको संयोजकत्वमा गठित राष्ट्रिय भाषा नीति सुझाव आयोगको प्रतिवेदन २०५० अनुसार भाषाको सङ्ख्या ७१ छ (नेम्बाङ २०५०) । समर इन्स्टिच्युट अफ लिङ्गुइस्टिक्स अमेरिकाद्वारा तयार गरिएको इथनोलग चौधौँ संस्करणमा दिइएको विवरणअनुसार नेपालमा १२५ भाषा र भाषिका रहेको उल्लेख छ (हेर्नुहोस् www.ethnologue.com) । २०५८ को राष्ट्रिय जनगणनाले ९३ भन्दा बढी भाषा चलनचल्तीमा रहेको पुष्टि गरेको छ । यीमध्ये ६२ ओटा भाषा आदिवासी जनजातिको भएको पहिचान गर्न सकिन्छ । यी राष्ट्रभाषामध्ये आठओटा भाषाबाट कार्यक्रम र समाचार प्रसारण हुन्छ भने अन्य भाषाको पनि पूर्वाधार निर्माण हुने क्रममा छ (हेर्नुहोस् तालिका २०.३) ।

नेपालका जनजातिहरूको पुरानो धर्म प्राकृतिक धर्म (वोन, झाक्री, धामी, विजुवा र फेदाङ्वा) हो (तामाङ २०५१: १४) । तथापि जनगणनामा धर्मको यो विविधता प्रकट हुन सकेको छैन । २०५८ सालको जनगणनाअनुसार नेपालमा हिन्दू ८०.६ प्रतिशत, बौद्ध १०.७ प्रतिशत र अन्य (किराँत, इसाइ, मुस्लिम) ८.७ प्रतिशत धर्मावलम्बी रहेका छन् ।

यसप्रकार भाषा, धर्म, संस्कृति, इतिहास एवं पुर्ख्यौली परम्परागत भूमि भएका आदिवासी जनजातिहरू यतिबेला राष्ट्रिय मूल प्रवाहभन्दा बाहिर क्रमशः सीमान्तीकरणको दिशामा गइरहेका छन् । (हेर्नुहोस् तालिका २०.३) उनीहरूमाथि विभिन्न प्रकारका भेदभाव एवं असमान व्यवहार राष्ट्रबाट भइरहेको आरोप जनजाति समुदायबाट लागिरहेको बखत सञ्चारमाध्यमहरूले उनीहरूलाई सूचनाको हक प्रदान गर्न, सामाजिक, आर्थिक एवं सांस्कृतिक अधिकारहरूको मान्यता र संरक्षण तथा उनीहरूको ज्ञान, सीप, प्रविधि र बसोबाससँग आबद्ध जैविक स्रोत र साधनहरूको संरक्षण गर्न विशेष भूमिका निर्वाह गर्न जरुरी छ ।

## रेडियो नेपालको विगत र जनजाति सवाल

रेडियो प्रसारणको राष्ट्रिय चरित्र भन्नु नै मुलुकको जातीय विविधताको प्रतिविम्ब हो । जहाँ विभिन्न सांस्कृतिक आयाम र जातीय पहिचानका सवालहरू जोडिएका

हुन्छन् । तर, रेडियो नेपालको सुरुआतदेखि अहिलेसम्मको यात्रालाई विश्लेषण गर्ने हो भने रेडियो कार्यक्रममा बहुलवादी समाजको छवि ठम्याउन निकै गाह्रो पर्दछ ।

नेपालमा रेडियो र प्रजातन्त्रको आगमन सँगसँगै जस्तो भएको हो । रेडियो नेपालको विकास र विस्तारको क्रममा विभिन्न कालखण्डमा कार्यक्रम र प्रसारण सामग्रीको प्रस्तुतिमा परिवर्तन हुँदै आएको छ । राज्य नियन्त्रित प्रसारण संस्था भएकाले राजनीतिक परिवर्तनसँगै रेडियो प्रसारणका नीति, उद्देश्यमा पनि परिवर्तन हुनु स्वाभाविक हो । यसैगरी भौतिक तथा प्राविधिक पक्ष एवं जनशक्ति र प्रसारण क्षमताका आधारमा पनि रेडियो प्रसारणमा प्राथमिकता परिवर्तन भएका छन् । तर, श्री ५ को सरकारले समयसमयमा तर्जुमा गरेको नीति, उद्देश्यमा भने खासै परिवर्तन भएको छैन । गरिएका परिवर्तनहरू पनि आदिवासी जनजातिहरूले प्रभावकारी भएको महसुस गर्न सकेका छैनन् । यस अध्ययनलाई सजिलो बनाउनका लागि निम्नबमोजिम काल विभाजन गरेर विश्लेषण गर्न सकिन्छः[२]

१. स्थापनाकाल (२००७-२०१७)
२. पञ्चायतीकाल (२०१७-२०४६)
३. उदारवादीकाल (२०४६ सालपछि)

### *स्थापनाकाल (२००७-२०१७)*

रेडियो नेपाल सुरुमा योजनाबद्ध ढङ्गले स्थापना गरिएको थिएन । राणाविरुद्धको क्रान्तिमा सामेल समूहले आफ्ना गतिविधि प्रसार गर्न भोजपुरमा र पछि विराटनगरमा रेडियो स्टेसन चलाएका थिए (हेर्नुहोस् अध्याय १ र २) । कालान्तरमा सातसाल फागुन सातमा स्थापित प्रजातान्त्रिक सरकार (काँग्रेस-राणा पक्ष सम्मिलित) ले जनजागरण गर्ने उद्देश्यले रेडियोको स्थापना गरेको थियो (शाह २०५४: १२०) । तथापि सङ्क्रमणकालीन त्यस अवस्थामा समेत नेपाली, अंग्रेजी, नेवारी र हिन्दी भाषामा समाचार प्रसारण गरेर बहुभाषी श्रोता ठम्याउने प्रयत्न गरेको पाइन्छ । रेडियो नेपालको प्रारम्भिककालमा प्रसारणको अवधि थोरै (सुरुमा- १ घण्टा र पछि साढे ४ घण्टा) भएकाले पनि सीमित कार्यक्रम मात्रै प्रसारण हुन्थे उसबेला । समाचारका अलावा *फौजी प्रोग्राम* (सैनिकसम्बन्धी), *बाल कार्यक्रम* र *साङ्गीतिक कार्यक्रम* प्रमुख थिए । २०१४ सालपछि *प्रौढशिक्षा* र पछि *शैक्षिक कार्यक्रम*को पनि उत्पादन र प्रसारण सुरु भयो ।

---

[२] यी कालखण्डहरू राजनीतिक मोडमा आधारित छन् । रेडियो नेपालको संरचनामा यी राजनीतिक मोडको प्रभाव र भूमिका महत्त्वपूर्ण भएकाले यसरी काल विभाजन गरिएको हो ।

प्रसारण सेवाको लागि आवश्यक पर्ने प्रविधि, जनशक्तिका साथै अन्य स्रोतको सीमितता, राणा शासन पतनपछिको तत्कालीन समाजको चेतनाको स्तर, इत्यादि पृष्ठभूमिमा रेडियो प्रसारणको यो दायरा व्यापक नै हो । उसबेला रेडियो प्रसारणका मुख्य तीन उद्देश्य थिएः (१) नेपालको एकता र राष्ट्रिय अखण्डतालाई अक्षुण्ण राख्ने, (२) सार्वभौमसत्ताको सम्वर्द्धन गर्ने र (३) प्रजातन्त्रलाई विभिन्न उपायद्वारा जनमानसमा पुऱ्याई यसप्रति आस्था जगाई यसको सम्मान तथा सुदृढ गर्ने । यीबाहेक लोकसंस्कृति, कला, साहित्य, सङ्गीतको प्रचार प्रसार गरी संरक्षण तथा सम्वर्द्धन गर्नु पनि थियो (शाह २०५४: १२२) ।

प्रारम्भमा रेडियो कार्यक्रमको साथसाथै रेडियो श्रोताको पनि अभाव थियो । २०१४ सालमा रेडियो ऐन बनेपछि मात्र कानुनतः निश्चित कर तिरेर रेडियो सेट राख्ने अनुमति दिइन थालेको हो (रेडियो राख्नको लागि आवश्यक इजाजत पत्र तस्बिर २०.१ मा हेर्नुहोस्) । सो ऐनअनुसार जिल्ला विकास समितिबाट अनुमतिपत्र लिएर रेडियो सेट राख्नुपर्ने प्रावधान भए पनि सहरी इलाकामा यो प्रचलन पाइन्न । अधिराज्यका केही जिविसले केही गाविसमा रेडियोका लागि अनुमतिपत्र


श्री ५ को सरकार

तस्बिरः २०.१: २०१४ सालमा ऐन बनेपछि रेडियो राख्न आवश्यक इजाजत पत्र (सौजन्यः विनयकुमार कसजू) ।

नवीकरणलाई आयस्रोतको शीर्षक बनाएको पाइन्छ (श्री ५ को सरकार २०५३: ७९, हुमागाईं प्रकाशोन्मुख)। रेडियो सेट निकै महँगो हुन्थ्यो त्यसबेलाको बजारभाउअनुसार। तसर्थ सीमित व्यक्तिसँग मात्र रेडियो यन्त्र हुने भएकाले सर्वसाधारणले रेडियो सुन्न पाउँदैनथे।

यस अवधिका थुप्रै दुर्वल पक्षहरू भए पनि रेडियो प्रसारणको इतिहास सुरुआत गर्नु नै यस कालको युगान्तकारी कदम हो। र, त्यसबेलाको प्रमुख आवश्यकता भौतिक पूर्वाधार तयार गरी रेडियो नेपाललाई दीर्घजीवी बनाउनु थियो। तसर्थ भौतिक पूर्वाधार तयार गर्नमा नै धेरै जोड दिइएकाले कार्यक्रमको समग्र पक्ष फैलिन पाएन।

### *पञ्चायतीकाल (२०१७-२०४६)*

२०१७ सालको राजनीतिक परिवर्तनबाट राज्यको सबै निकायमा झैँ रेडियो नेपालको समग्र संरचनामा पनि असर पर्‍यो। यस परिवर्तनपछि अभिव्यक्तिको हकलाई सीमित बनाइएकाले रेडियो नेपालको समाचार एवं कार्यक्रमको प्राथमिकता पनि परिवर्तन हुन पुग्यो। नेवार, हिन्दी भाषाका समाचार प्रसारण २०२२ सालमा आएर बन्द गरियो। यो कार्य स्थापनाकालको सोच विपरित थियो। यसको प्रतिक्रियास्वरूप नेवारी समाजबाट विरोधमा स्वरहरू मुखरित भए। विविध भाषिक समुदायले खुला रूपमा साथ दिए। यही आन्दोलनका कारण श्री ५ को सरकारले २०२५ सालमा रेडियो कार्यक्रम सुधार सुझाव समिति गठन गर्‍यो।[३]

उक्त समितिले ग्रामीणमुखी कार्यक्रम, वर्गीय हितसम्बन्धी कार्यक्रम र धार्मिक कार्यक्रमको समय विस्तार गर्नुपर्ने र *कृषि कार्यक्रम*को मुख्य माध्यम भाषा राष्ट्रभाषा राखेर अन्य केही बढी बोलिने राष्ट्रिय भाषामा पनि मुख्यमुख्य बुँदा कुराकानीको सिलसिलामा व्याख्या गर्ने गरी कार्यक्रम सञ्चालन गर्न सुझाव दिएको थियो (शाह २०५४: १२६, गोरखापत्र २०२५)। तथापि ती सुझावहरू कार्यान्वयन हुन सकेन।

२०२८ सालमा सरकारले राष्ट्रिय सञ्चार योजनाको घोषणा गर्‍यो। यो योजनाले 'विकासका लागि सञ्चार' भन्ने मूल नारा तय गर्‍यो। *धार्मिक कार्यक्रम*मा बौद्ध धर्मावलम्बीहरूको भजन (मलम) पनि यसै कालमा प्रसारण गर्न थालियो। शिक्षामूलक विज्ञापन (परिवार नियोजन, आगलागी आदिबारे सचेत गराउने) राष्ट्रभाषामा केही समय प्रसारण पनि गरियो। योजना-परियोजना, कार्यान्वयन,

[३] यो अनुच्छेद नेवार भाषाविज्ञ श्री दुर्गालाल श्रेष्ठसँग लेखकले गरेको कुराकानीमा आधारित छ।

सुविधा एवं आदि समसामयिक विषयमा विवेचना गर्न *घटना विवेचना* जस्ता समीक्षात्मक कार्यक्रम प्रसारण गर्न थालियो । कार्यक्रम उत्पादनको दृष्टिकोणले ३० को दशकलाई रेडियो नेपालको सिर्जनात्मक समयको उपमा रेडियो नेपालको का.मु.कार्यक्रम निर्देशक पाण्डव सुनुवारले दिएका छन् । रेडियो नेपालले मूलतः २०१८ सालपछि प्रसारणको समयावधि र भौतिक पूर्वाधार पनि बढाउँदै लगेको पाइन्छ । यसै कालमा *हाम्रो संस्कृति, रोदी, इन्द्रेणी, फूलवारी, चौतारी* जस्ता केही लोकप्रिय कार्यक्रम देखा परे । यी कार्यक्रममा जनजाति विषयवस्तु थोरबहुत झल्किन्थ्यो । *हाम्रो संस्कृति* कार्यक्रममा नेपालका जनजाति एवं नेपाली कला संस्कृतिको वर्णन गरिन्थ्यो । जसको सङ्केत धुन यस्तो थियोः

थरी थरीका फूल हौँ हामी
बेग्लै बेग्लै प्रवृत्ति
चारजात छत्तिस वर्णको
एउटै सफा संस्कृति (सुनुवार २०५६ः ९१) ।

तथापि मुलुकमा पञ्चायती व्यवस्था कायम रहेका कारण विचार र अभिव्यक्तिको स्वतन्त्रता पूर्ण निषिद्ध भएकाले जनजातीय सवालहरू उठ्न पाएनन् मात्र होइन कि यो समयमा सामाजिक बहुलतालाई दबाउने काम भयो । *धार्मिक कार्यक्रम* पूर्णतः हिन्दू धर्मविशेषको बनाइयो । समाचार प्रसारणमा पञ्चहरू र अन्य ओहोदावालको पदीय मर्यादाक्रमको आधारमा गरियो । सूचनाको पहुँच नागरिकसम्म पुऱ्याउने दायित्त्वबाट विमुख गरेर 'एक जाति, एक भाषा' विशेषको राष्ट्र बनाउने पञ्चायती व्यवस्थाको अभियानमा रेडियो नेपालको स्रोत, साधन र क्षमतालाई अधिकतम दुरूपयोग गरियो । २०४१ सालमा रेडियो नेपालको सुधार र सदृढीकरणसम्बन्धी अध्ययन गर्न गठित समितिले समाचार, कार्यक्रम एवं नीतिगत विषयमा विभिन्न सिफारिसहरू गरेको थियो (श्री ५ को सरकार २०४१) । तिनै सिफारिसको आधारमा विज्ञापनमा हिन्दू र बौद्ध धर्मबाहेकका सन्देश प्रतिबन्ध लगाएको थियो । यही कालमा जनआन्दोलन प्रारम्भ भयो । जनआन्दोलनमार्फत जातीय मुद्दा, भाषिक अधिकार, समानताका आवाज उठे पनि रेडियो नेपालले उचित स्थान दिन सकेन ।

### *उदारवादीकाल (२०४६ सालपछि)*

२०४६ सालको राजनीतिक परिवर्तन नेपाली समाजको युगान्तकारी मोड हो । यस परिवर्तनको फलस्वरूप प्राप्त नेपाल अधिराज्यको संविधान २०४७ ले नै आदिवासी जनजातिहरूलाई आफ्नो पहिचान कायम राख्दै सामाजिक, आर्थिक, सांस्कृतिक एवं

राजनीतिक मुद्दा उठाउन बाटो खुला गरिदिएको हो । परिणामतः विभिन्न जनजातिहरूको आफ्नै सङ्गठन र छाता सङ्गठनको रूपमा नेपाल जनजाति महासंघ गठन भएको छ भने विभिन्न दलहरूले जनजातीय भ्रातृ सङ्गठन पनि बनाएका छन् ।

यी सङ्गठनले आदिवासी जनजातिमाथि राष्ट्रले न्याय दिन नसकेको जनाउँदै उनीहरूको भाषा, धर्म, संस्कृति र परम्पराको संरक्षण र सम्वर्द्धन गरिनुपर्ने, मातृभाषामा शिक्षा, छात्रवृत्ति दिइनुपर्ने, उच्चशिक्षा र रोजगारीमा आरक्षण गरिनुपर्ने आदि मुद्दा आफ्नो कार्यसूचीमा समावेश गरेका छन् । सङ्गठित एवं असङ्गठित रूपमा रहेका जनजाति बुद्धिजीवीहरू र स्वतन्त्र नागरिक समाज समेतले पनि यस्तो आवाज उठाएको पाइन्छ । यस पृष्ठभूमिमा २०४७ को संविधान क्रियाशील भएपछि राष्ट्रिय प्रसारण माध्यम रेडियो नेपालको प्राथमिकता, दायित्त्व एवं आमूल परिवर्तनको अपेक्षा गरिनु स्वभाविक हो ।

जनस्तरबाट व्यापक रूपमा प्राप्त दबाबलाई ध्यानमा राखी राष्ट्रिय सञ्चार नीति-२०४९ लागू गरियो । सो नीतिले प्रसारणसम्बन्धी छुट्टै ऐनको तर्जुमा गर्नुपर्ने, क्षेत्रीय प्रसारणलाई गति दिने र राष्ट्रिय भाषालाई प्रसारणमा ल्याउने जस्ता विषयलाई समेटयो । यसैगरी प्रसारण ऐन सोही साल जारी गरियो जसमा एफएम स्टेसन, लोक संस्कृति एवं भाषिक कार्यक्रम सञ्चालन गर्न छुट दिने विषय पनि राखिएको छ । सोही नीति हालसम्म जारी रहेको छ ।

## रेडियो कार्यक्रमको विश्लेषण

२०४७ को नयाँ संविधान निर्माण भएपछि जारी भएको सञ्चार नीति-२०४९ ले रेडियो नेपालको पनि केही नीतिगत परिवर्तन गर्‍यो सो नीतिले समयावधि, कार्यक्रमको स्वरूप र प्रसारण व्यवस्थामा परिवर्तन गर्‍यो । सो बमोजिम १०७ घण्टाको साप्ताहिक प्रसारण समयावधिलाई बढाएर १५० घण्टा पुर्‍याइयो भने समाचारमूलक कार्यक्रमलाई १५ प्रतिशतबाट बढाएर २०.५ प्रतिशत पुर्‍याइयो । त्यसैगरी भाषिक कार्यक्रम पनि सुरु गरियो । मनोरञ्जनात्मक कार्यक्रमलाई पनि वृद्धि गरियो । तर, शिक्षामूलक कार्यक्रमलाई भने घटाइयो । यसबाट आदिवासी जनजाति समुदाय के कति लाभान्वित भए वा भइरहेका छन्, यहाँ सविस्तार चर्चा गरिनेछ ।

### *समाचारमूलक कार्यक्रम*

अहिले (२०६१ साल) रेडियो नेपालले साप्ताहिक ३० घण्टा ४५ मिनेट समाचारमूलक कार्यक्रम खर्चेको छ । दैनिक रूपमा बिहान ५:५५ मा संस्कृतमा समाचारबाट सुरु हुने समाचारको सिलसिला राति १०:५५ बजे नेपालीमा समाचार प्रसारण

गरी टुङ्गिन्छ । यसरी रेडियो नेपालबाट दिनभरमा जम्मा २० भाषामा समाचार प्रसारण हुने गर्दछ । यी समाचारमूलक कार्यक्रमलाई भाषिक आधारमा निम्न तीन भागमा विभाजन गर्न सकिन्छः

क. राष्ट्रिय भाषा
ख. राष्ट्र भाषा र
ग. अन्य भाषा

*राष्ट्रिय भाषाका समाचारमूलक कार्यक्रम*

रेडियो नेपालले १५ असार २०४७ देखि राष्ट्रिय भाषामा पनि समाचार प्रसारण गर्न थालेको हो । अधिकतम प्रतिदिन ५ मिनेटको समाचार र साताको एक दिन बढीमा १५ मिनेटको कार्यक्रम प्रसारण गर्नु नै हालको रेडियो नेपालको

**तालिका २०.२: राष्ट्रिय भाषाको समाचार प्रसार स्थिति, २०६० साल**

| क्र.सं. | राष्ट्रिय भाषा | प्रसारण केन्द्र | प्रसारण समय | सुरु मिति |
|---|---|---|---|---|
| | **जनजाति** | | | |
| १. | तामाङ | काठमाडौँ | ९:४५ बिहान | १ भदौ २०५१ |
| २. | पूर्विया थारू | धनकुटा | ९:५० बिहान | १ भदौ २०५१ |
| ३. | पश्चिमा थारू | सुर्खेत | ९:४५ बेलुका | १ भदौ २०५१ |
| ४. | राना थारू | सुर्खेत | ९:५० बिहान | ३० वैशाख २०५८ |
| ५. | नेवार | केन्द्रीय प्रसारण | ९:१५ बिहान | १५ असार २०४७ |
| ६. | मगर | पोखरा | ९:५० बिहान | १ भदौ २०५१ |
| ७. | खाम मगर | सुर्खेत | ८:०५ बिहान | ९ असार २०५७ |
| ८. | राई बान्तवा | धनकुटा | ९:४५ बिहान | १ भदौ २०५१ |
| ९. | गुरुङ | पोखरा | ९:४५ बिहान | १ भदौ २०५१ |
| १०. | लिम्बू | धनकुटा | ६:०० बेलुका | १ भदौ २०५१ |
| ११. | शेर्पा | केन्द्रीय प्रसारण (शर्टवेभ) | ६:०० बेलुका | १ असार २०५३ |
| | **अन्य**[४] | | | |
| १. | मैथिली | केन्द्रीय प्रसारण | ६:०० बेलुका | १७ पुस २०४९ |
| २. | भोजपुरी | काठमाडौँ | ६:०५ बेलुका | १ भदौ २०५१ |
| ३. | अवधी | सुर्खेत | ६:०० बेलुका | १ भदौ २०५१ |
| ४. | डोटेल | सुर्खेत | ८:०० बेलुका | ९ असार २०५७ |
| ५. | उर्दू | केन्द्रीय प्रसारण (शर्टवेभ) | ६:०५ बेलुका | १ भदौ २०५३ |

स्रोतः रेडियो नेपाल ।

[४] जनजाति समुदायमा सूचिकृत भएका मधेशी समुदायका केही जनजातिले बोल्ने मैथिली र भोजपुरी गैरजनजाति मधेशीको पनि मातृभाषा हो ।

बहुभाषिक पहिचान हो । विभिन्न १२ राष्ट्रिय भाषाको १५ मिनेटको कार्यक्रम, समाचार या सूचनामूलक हुनुपर्ने भए तापनि अधिकांश भाषिक कार्यक्रमको सो समय साङ्गीतिक हुने गर्दछ, त्यसैले ती कार्यक्रमलाई साङ्गीतिक कार्यक्रमअन्तर्गत् नै चर्चा गरिनेछ। राष्ट्रिय भाषाका समाचारको विवरण तालिका २०.२ मा प्रस्तुत गरिएको छ ।



तस्बिर २०.२: रेडियो नेपालका नेवारी समाचारवाचक हरि श्रेष्ठ (२०४७ सालपछि) समाचारवाचन गर्दै (सौजन्यः हरि श्रेष्ठ) ।

सबल पक्षः नेपाल अधिराज्य बहुभाषिक मुलुक भएकाले राष्ट्रिय प्रसारण संस्था रेडियो नेपालले विभिन्न राष्ट्रिय भाषालाई स्थान दिनै पर्दथ्यो । रेडियो नेपालले २०४७ सालपछि यसतर्फ सकारात्मक पाइला चालेको छ। यो नै राष्ट्रिय भाषाको सूचनामूलक कार्यक्रमको सबैभन्दा सबल पक्ष हो ।

नेपाल अधिराज्यको संविधान २०४७ द्वारा प्रत्याभूत गरिएको सूचनाको हकलाई यो प्रयासले केही हदसम्म परिपूर्ति गर्न सघाउ पुऱ्याएको छ । समग्र मुलुकको आर्थिक, सामाजिक तथा सांस्कृतिक क्रियाकलापलाई बोध गर्न र सबै जाति, भाषा, वर्ग, क्षेत्र र धार्मिक समुदायबीच समानता, आपसी सद्भाव र सामञ्जस्यको वातावरण सिर्जना गर्न यस्ता कार्यक्रम प्रारम्भविन्दु हुन सक्छन् । अधिराज्यका विभिन्न भूभागमा बस्ने १०३ जातिमध्येमा केही मातृभाषीहरू यो कदमबाट लाभान्वित भएका छन् । यसमध्ये ८ जनजाति समुदायले आफ्नो भाषामा केही हदसम्म सूचना प्राप्त गर्न सक्छन् (हेर्नुहोस् अनुसूची १ को तालिका २०.५) ।

रेडियो नेपालका श्रोतामध्ये नेपाली भाषालाई दोस्रो भाषाका रूपमा अपनाउने ४० प्रतिशत र नेपाली भाषा बोल्न नसक्ने ४३ प्रतिशत भएको अध्ययन प्रतिवेदनले

जनाएको छ (मङ र घिमिरे सन् १९९७: ६६) । यस्तो सन्दर्भमा राष्ट्रिय भाषाको समाचार विकल्पमा प्रस्तुत गर्नु सराहनीय कदम हो ।

दुर्बल पक्षः भाषिक कार्यक्रम सुरुआत गर्ने आधारहरूमा रेडियो नेपालले १ प्रतिशतभन्दा बढी जनसङ्ख्याले बोल्ने भाषामा समाचार प्रसारण गर्ने नीति लिएको जनाएको छ । तर १ प्रतिशतकै हाराहारीमा जनसङ्ख्या भएको राजवंशी भाषामा कुनै कार्यक्रम प्रसारण हुने गर्दैन । त्यसैगरी २०५८ सालको जनगणनाबाट बजिका[५] भाषा बोल्नेको जनसङ्ख्या २३७९४७ (१.०५%) देखिएको छ । यस भाषामा पनि कुनै कार्यक्रम प्रसारण हुँदैन ।

जनजातिहरूकै दृष्टिकोणबाट हेर्ने हो भने जनजातिहरूको ६२ भन्दा बढी भाषामध्ये (लेख्य परम्परा सुरु भएका) सबल आठओटा भाषालाई मात्र समाचारको माध्यम बनाइएको छ । बाँकी भाषालाई मान्यता दिइएको छैन । यी भाषाका सवालमा राष्ट्रिय सञ्चार नीति मौन छ । भाषा कुनै पनि जातिको पहिचान भएकाले यसमा देखिएको सरकारी उदासिनतालाई सहज मान्न सकिँदैन ।

*राष्ट्रभाषाका समाचारमूलक कार्यक्रम*

रेडियो नेपालले नेपाली भाषामा हाल (असोज २०६१) दैनिक रूपमा बिहानी सेवामा ७, ८, ९, ११ बजे, दिवा सेवामा १, २, ३ बजे तथा बेलुकी ५, ६:३० र १०:५५ बजे गरी जम्मा ११ पटक समाचार प्रसारण गर्दछ । बिहानी सेवामा *परिवेश* र बेलुकी *घटना र विचार* कार्यक्रम प्रसारण गर्दछ । समसामयिक विषयमा विश्लेषणात्मक समाचार प्रसारण गर्ने *परिवेश* र *घटना र विचार* २०४७ पछि सुरु गरिएको हो । रेडियो नेपालको लोकप्रिय कार्यक्रम पनि यिनै हुन् । २०५४ सालमा गरिएको एक अध्ययनअनुसार नेपाल अधिराज्यको सबैभन्दा बढी श्रोताले नियमित सुन्ने कार्यक्रममा बिहान र बेलुकीको ७ बजेको समाचारपछि *घटना र विचार* पर्दछ (मङ र घिमिरे सन् १९९७: ९५) ।

खास गरेर २०४९ सालपछि समाचार प्रस्तुतिमा केही परिवर्तनका प्रयास गरिए पनि आदिवासी जनजातिहरूका पक्षमा त्यो परिवर्तन छैन । मूलतः समाचारको प्राथमिकता क्रममा जनजातिको एजेण्डा समावेश नभएकाले पनि यस्तो भएको हो । रेडियो नेपालका समाचार निर्देशक सुशील कोइरालाका अनुसार जनजातिका समाचारलाई स्थानीय समाचारमा प्रसारण गरिन्छ । त्यसैगरी रेडियो नेपालको

[५] बजिकालाई मैथिली भाषाको उपभाषिका मानिन्छ ।

शैली पुस्तिकामा चाड, पर्व, जात्रा एवं सांस्कृतिक महोत्सवलाई प्रमुख समाचारपछिको पूरा समाचारको पहिलो प्राथमिकतामा राखिएको छ।[६] तर व्यवहारमा बुद्ध जयन्ती र ल्होसार जस्ता केही स्थापित जनजातीय पर्वबाहेकका विषयमा रेडियोको ध्यान गएको रेकर्ड छैन। यसको विपरीत क्षेत्री, बाहुनको प्राथमिकतामा पर्ने चाडपर्व दशैँ, एकादशी, कृष्णाष्टमी, शिवरात्री जस्ता पर्वको भने विस्तृत चर्चा गर्ने र अन्य समाचारमूलक कार्यक्रम *घटना र विचार, परिवेश*ले पनि फिचर सामग्री बनाउने गरेको पाइन्छ। यद्यपि काठमाडौँका नेवार जातिका विभिन्न पर्वबारे भने चर्चा हुने गरेको छ। तर यसको कारणमा नेपाली सञ्चारमाध्यम काठमाडौँ केन्द्रित भएकाले हुन सक्छ।

जनजातीय विषयवस्तुको समाचारलाई प्रस्तुत गरिहालेमा सामान्य रूपमा लिने र जनजातिलाई अरुचिकर लाग्ने विषय जस्तैः हिन्दू सङ्गठनको क्रियाकलाप, संस्कृत वाङ्मयको महिमा, जातीय सङ्गठनविरुद्ध बोलिएका भाषणलाई भने महत्त्वका साथ प्रसारण गर्ने गरिएको पाइन्छ।

*अन्य भाषाका समाचारमूलक कार्यक्रम*

राष्ट्रभाषा र राष्ट्रिय भाषाबाहेक रेडियो नेपालले अन्तर्राष्ट्रिय भाषाका रूपमा अंग्रेजी भाषामा (बिहान-बेलुकी ८ बजे), तराई क्षेत्रको सम्पर्क भाषा हिन्दी (राति १० बजे), र संस्कृत भाषा (बिहान ५:५५ बजे) मा समाचार प्रसारण गर्ने गरिएको छ। अन्य भाषा र भाषिकामा समाचार प्रसारण गर्नुपर्ने विभिन्न तर्क भए पनि संस्कृत भाषाको औचित्यमा भने चित्त बुझ्दो तर्क छैन। प्रयोगमा भइरहेका भाषालाई उपेक्षा गरी प्रयोगमा नभएको संस्कृत भाषाको समाचार प्रसारण गरिनुलाई कसरी जायज मान्ने ?

## शिक्षामूलक कार्यक्रम

रेडियो नेपालका शिक्षामूलक कार्यक्रममा *अर्थ संसार, कृषि, आँखा उपचार सेवा, उद्योग व्यवसाय, विज्ञान प्रविधि, मानवअधिकार शिक्षा, बैंकिङ*, आदि पर्दछन्। यी शिक्षामूलक कार्यक्रममार्फत आदिवासी जनजातिको विषयमा सूचना प्रवाह गर्न र उनीहरूलाई शिक्षा, सूचना दिई चेतनाको स्तर उकास्न सकिने सम्भावना प्रशस्त छ।

मूलतः नवौँ पञ्चवर्षीय योजनादेखि आदिवासी जनजातिका लागि राज्यतर्फबाट विभिन्न कार्यक्रम सञ्चालित छन्। विकेन्द्रीकरण, स्थानीय विकास, मानवीय

---

[६] रेडियो नेपालका समाचार निर्देशक सुशील कोइरालासँगको कुराकानीका आधारमा।

संसाधन विकास एवं परिचालनमा राज्यले यो समुदायको क्षेत्रमा केही सकारात्मक पहलको प्रारम्भ गरेको छ । तर यी विषयहरूप्रति कतिपय जनजाति समुदाय अनभिज्ञ नै छन् । राज्यको क्षेत्रबाट सुरु गरिएका यस्ता कार्यक्रमलाई आदिवासी जनजातिले थाहा पाउने गरी सञ्चार माध्यमले प्रचार प्रसार गरेमात्र पनि ठूलो राहत हुन्छ । तर, रेडियो नेपालको समग्र शिक्षामूलक कार्यक्रमहरू यो दिशामा केन्द्रित त छैनन् नै, कतिपय प्रसङ्गहरू जनजातिलाई चोट पुऱ्याउने खालका पनि भेटिन्छन् । ती कार्यक्रममध्ये केही रेडियो नेपालको आफ्नै उत्पादन र केही सम्बद्ध सरकारी वा गैर सरकारी निकायबाट सञ्चालित छन् ।

रेडियो नेपालको *अर्थ संसार, बैंकिङ, परिक्रमा* र *मानवअधिकार शिक्षा* बाहेकका कार्यक्रममा आदिवासी जनजातिको उच्चारणसमेत गरिन्न । यी चार कार्यक्रममा पनि फाट्टफुट्ट प्रसङ्गवश आदिवासी जनजातिको चर्चा भए पनि पूर्ण रूपमा जनजाति केन्द्रित सवालमा कुनै कार्यक्रम प्रसारित भएको छैन ।

रेडियो नेपालका शिक्षामूलक कार्यक्रममा जनजातीय सवालले उचित स्थान पाउन नसक्नु यसको दुःखदायी पक्ष नै हो । यद्यपि जनजातिबारे केही गर्दै नगरेको भन्न खोजिएको होइन । सुर्खेत प्रसारण केन्द्रबाट उत्पादित राउटे, राजी, वादी, थारू र मगर समुदायको जनजीवन, भाषा, संस्कृति, चालचलन, रीति रिवाज पर्व, उत्सव, धर्म समेत समेटिएको *चिनारी कार्यक्रम* जस्ता खोजपूर्ण सामग्री पनि रेडियो नेपालले प्रसारण गरेको छ (सुनुवार २०५६: ११७) । तर यस्ता कार्यक्रमले निरन्तरता पाउन सकेनन् । यसबारे रेडियो नेपालका का.मु. कार्यक्रम निर्देशक पाण्डव सुनुवार भन्छन्– "राउटे भाषीको आवाज पहिलो पटक यसै कार्यक्रमबाट प्रसारण भयो होला । तर यस्तो तत्परता संस्थागतभन्दा पनि कार्यक्रम सञ्चालकको चाख र रुचिमा भर पर्दछ ।" सुनुवारका अनुसार ती सबै खोजपूर्ण सामग्रीहरू सुर्खेत प्रसारण केन्द्रका नवराज लम्सालको अग्रसरतामा तयार भएका थिए ।

वास्तवमा यस्ता कार्यक्रमलाई क्षेत्रीय प्रसारणमार्फत स्थानीय भाषामा नै प्रसारण गरेको खण्डमा जनजातिका लागि प्रभावकारी कदम हुन सक्नेछ । उदाहरणका लागि रेडियो खर्साङ (भारत) बाट कृषि, स्वास्थ्य जस्ता विषयका कार्यक्रम तामाङ, लिम्बू, लेप्चा आदि भाषामा प्रसारण गरिन्छन् । यसबाट इलाम (पशुपतिनगर क्षेत्र) का यी भाषा बोल्ने समुदाय लाभान्वित भएको पाइन्छ ।

अधिकांश आदिवासी जनजातिहरू अशिक्षित, विपन्न र निमुखा छन् । सत्ताको समान साझेदारी र राष्ट्रको मूल प्रवाहमा सामेल हुने अवसरबाट वञ्चित छन् । यति हुँदाहुँदै पनि उनीहरूसँग परम्परागत सीप, ज्ञान, कला एवं संस्कृतिको प्रचूरता छ । यी राष्ट्रिय सम्पदा हुन् र यिनको आधुनिकीकरण, संरक्षण, सम्वर्द्धन

गरिनु जरूरी छ । यद्यपि रेडियो नेपालको कार्यक्रम उत्पादक, सञ्चारकर्मी र नीति निर्माताको ध्यान यसतर्फ गएको पाइँदैन ।

## *मनोरञ्जनात्मक कार्यक्रम*

रेडियो नेपालद्वारा प्रसारण हुने मनोरञ्जनात्मक कार्यक्रम नेपाली समाजको अभिन्न अङ्ग हो । रेडियो नेपालका अधिकांश मनोरञ्जनात्मक कार्यक्रम सङ्गीतमूलक छन् । नेपाली, हिन्दी, अंग्रेजी र राष्ट्रिय भाषाका गीत-सङ्गीत समेट्ने यस्ता कार्यक्रमले नेपाली श्रोतालाई मनोरञ्जन त दिएकै छन्, साथै गायक, गीतकार, सङ्गीतकार एवं लोकभाका सङ्कलकका प्रतिभा प्रस्फुटन गर्न पनि सहयोग पुऱ्याएका छन् ।

रेडियो नेपालले मनोरञ्जनात्मक कार्यक्रमका लागि सबैभन्दा बढी अर्थात् ६३.१० प्रतिशत समय छुट्ट्याएको छ । यीमध्ये केही कार्यक्रम व्यापारिक प्रतिष्ठानले उत्पादन तथा प्रसारण गर्दछन् र यसमार्फत आफ्नो उत्पादनको प्रचार गर्छन् । *आधुनिक गीतको कार्यक्रम, चलचित्रका गीत, आहा गीत लहर, पूजाको दिलवहार, पञ्चकन्या लोक सङ्गीत, लोकमञ्जरी, सुन्नुहोस् सुनाउनुहोस्, सङ्गीत लहर, सयपत्री, हिन्दी फिल्मको गीत,* राष्ट्रिय भाषाको कार्यक्रम (१५ मिनेटको), दे*उडा गीत* आदि रेडियो नेपालका मनोरञ्जनात्मक कार्यक्रमहरू हुन् ।

**तालिका २०.३: राष्ट्रिय भाषाको कार्यक्रम प्रसार स्थिति, २०६० साल**

| क्र.सं. | कार्यक्रमको नाम/राष्ट्रियभाषा | प्रसारण केन्द्र | समय | बार |
|---|---|---|---|---|
| | **जनजाति** | | | |
| १. | स्याल्गार (तामाङ) | काठमाडौँ | ६:१०बेलुका | सोमबार |
| २. | पूर्वीया थारू कार्यक्रम | धनकुटा | ६:१० बेलुका | मङ्गलबार |
| ३. | हमरा पहुरा (पश्चिमा थारू) | सुर्खेत | १०:०० बिहान | बुधबार |
| ४. | लखवारी (राना थारू) | सुर्खेत | १०:०० बिहान | सोमबार |
| ५. | जीवन दबु (नेपाल भाषा) | केन्द्रीय प्रसारण | ६:१० बेलुका | सोमबार |
| ६. | कानुङ ढुट /कानुङ रोस (मगर) | पोखरा | १०:३० बिहान | बिहीबार |
| ७. | राई बान्तवा कार्यक्रम | धनकुटा | ६:१० बेलुका | आइतबार |
| ८. | ङ्यो इ क्यूई/ङ्यो इ छचा (गुरुङ) | पोखरा | १०:३० बिहान | मङ्गलबार |
| ९. | लिम्बू भाषाको कार्यक्रम | धनकुटा | ६:१० बेलुका | बिहीबार |
| १०. | शेर्पा भाषाको कार्यक्रम | केन्द्रीय प्रसारण (सर्टवेभ) | ६:०५ बेलुका | सोमबार |
| | **अन्य** | | | |
| १. | गामक दलान (मैथिली) | केन्द्रीय प्रसारण | ६:१० बेलुका | शनिबार |
| २. | संगम (भोजपुरी) | काठमाडौँ | ६:१० बेलुका | शुक्रबार |
| ३. | दुवारे मुहारे (अवधी) | सुर्खेत | ६:०५ बेलुका | शुक्रबार |
| ४. | देउडा गीत (डोटेल) | सुर्खेत | १०:३० बिहान | शुक्रबार |
| ५. | उर्दू भाषाको कार्यक्रम | केन्द्रीय प्रसारण (सर्टवेभ) | ६:१० बेलुका | शुक्रबार |

स्रोतः रेडियो नेपाल ।

राष्ट्रिय भाषाका लागि भने साप्ताहिक रूपमा क्षेत्रीय प्रसारणबाट विभिन्न १२ भाषामा बढीमा १५ मिनटको समय मात्र उपलब्ध गराइएको छ । यी कार्यक्रममा प्रायः सम्बन्धित भाषाभाषीका गीत-सङ्गीत नै बजेको पाइन्छ । *सङ्गम* (भोजपुरी), *गामक दलान* (मैथिली), *हमरा पहुरा* (थारू), *स्याल्गार* (तामाङ), *दुवारे मुहारे* (अवधी), *जीवन दबू* (नेवार), मगर, राई ⁄ बान्तवा, गुरुङ, लिम्बू, शेर्पा आदि यस्ता कार्यक्रमका केही उदाहरणहरू हुन् (हेर्नुहोस् तालिका २०.३) ।

जनजाति समुदायमा संस्कृति, साहित्य तथा कला, ज्ञान-विज्ञानको संरक्षण गर्ने जागरण आएको छ । सैद्धान्तिक रूपमा पनि जनजातीय साहित्य, सङ्गीत, कला, चलचित्र आदिको विस्तार र विकास गर्ने अभियान प्रारम्भ भएको छ । यो अभियानको रूपमा नश्लीय आधारमा सिर्जना गर्ने साहित्यिक जमात, साङ्गीतिक विकास गर्न वैकल्पिक धारका सङ्गीतकर्मी, चलचित्रकर्मी, कलाकर्मी सङ्गठित भएका छन् । जातीय पुनर्जागरणको लागि यो सुखद सुरुआत हो । रेडियो नेपाल यस्तो अभियानको सहयात्री हुनुपर्ने हो तर हालसम्म सहयोगी त बन्न सकेको छैन नै, कतिपय प्रसङ्गमा नकारात्मक रूपमा पनि प्रस्तुत हुने गर्दछ ।

जनजातिहरूमा सयौँ लोकभाका, गीत, संस्कृति र कलाहरू अझै पनि लोप भइसकेका छैनन् । राज्यको असहयोगी व्यवहारका बाबजुद ती अमूल्य निधि जनजाति आफैले जोगाउँदै आएका छन् । यसलाई रेडियो नेपालले अभिलेखीकरण गर्न सक्छ । लोकभाका, लोकसङ्गीतलाई आधुनिक प्रविधिबाट सङ्कलन गरेर जोगाउन र त्यसलाई जनजातिहरूको बौद्धिक सम्पत्तिको अधिकार दिलाउन रेडियोले अग्रणी भूमिका निर्वाह गर्न सक्छ । तर, रेडियोले यी काम गर्नुको बदला भाषाभाषीका गीतलाई लोकगीतको पनि मान्यता नदिएर छुट्टै शीर्षकअन्तर्गत् राखेको छ । रेडियोमा भएका राष्ट्रिय भाषाका गीतमा पनि केही प्रभुत्त्वशाली जनजातिको मात्र गीत सङ्कलन गरिएको छ (यात्रु २०५८) ।

रेडियो कार्यक्रम केही जनजाति समुदायको स्वाभिमान र पहिचानविरोधी गीतहरू पनि छन् । ती गीतहरू बजाउन नहुने सुझाव सम्बन्धित जनजाति समुदायले पटकपटक दिँदासमेत रेडियो नेपालले कुनै सुनुवाइ गरेको छैन । जस्तोः

'वनमा बस्ने कुसुण्डालाई हजुर भन्न पर्‍यो'

'कसले दियो नेप्टीलाई लाइटर'

'डल्ली मगर्नी हो निरमाया ...'

यी गीतहरू मूलतः जाति, जनजातिलाई होच्याउने प्रकृतिका छन् । 'कुसुण्डा' जातिलाई हजुर भन्नुपर्दा हेपिएको महसुस गर्ने गीतकार (गायक) ले यो जाति सानो

र असभ्य भनेर प्रचार गर्न खोजेका छन् । 'ठूला आँखा'मा मात्र सौन्दर्य देख्ने गीतकारको चिम्सा आँखा भएका जनजातिप्रति भने कुनै सुन्दरता प्रेम झल्किँदैन । यी त केही नमुना मात्र हुन् । यसप्रकार 'चिम्सा आँखा', 'नेप्टो नाक' जस्ता प्रतीक राखिएका गीत राष्ट्रिय सञ्चार माध्यमबाट प्रसारण हुँदा जनजाति समुदायको भावनामा निश्चय नै ठेस पुग्छ । अर्कातिर जनजातिको शारीरिक बनोट असुन्दर र आर्य मूलको शारीरिक बनोट सुन्दर भन्ने नकारात्मक सन्देश प्रवाहित हुन्छ ।

यसप्रकार रेडियो नेपालका समाचारमूलक र सूचनामूलक कार्यक्रमझैँ मनोरञ्जनात्मक कार्यक्रम पनि आदिवासी जनजातिप्रति सकारात्मक बनेको छैन । र, राष्ट्रको ठूलो समूहलाई राष्ट्रिय मूल प्रवाहबाट अलग राखेर वा उनीहरूप्रति उपेक्षा गरेर यसले आफ्नो अर्धशताब्दीभन्दा लामो यात्रा पार गरिसकेको छ ।

## रेडियो कार्यक्रममा जनजातिहरू उपेक्षाका सिकार बन्नुका कारणहरू

रेडियो नेपाल बहुलवादी समाजको आवश्यकताअनुसार परिवर्तन हुन नसकेको माथिका वर्णनबाट पुष्टि हुन्छ । रेडियोका सूचनामूलक, शिक्षामूलक र मनोरञ्जनात्मक कार्यक्रमहरूमा आदिवासी-जनजातिका केही मुद्दालाई समेट्ने यत्न गरेजस्तो देखिए तापनि सारमा ती कार्यक्रमहरू एकलवादी राज्यको चरित्रलाई नै भरथेग गर्ने प्रकृतिका छन् । यसै कारण आदिवासी जनजाति, दलित, मधेशी एवं अल्पसङ्ख्यक समुदाय रेडियो नेपालप्रति असन्तुष्ट रहँदै आएका छन् । उनीहरूले रेडियो नेपाल र समग्र राष्ट्रले उपेक्षा गरेको अनुभूति गरेका छन् । यसो हुनुमा मूलतः निम्न कारणहरू छन्:

### *क. हिन्दू राष्ट्रवादको अवधारणा*

रेडियो नेपालको धार्मिक कार्यक्रममात्र नभएर शिक्षामूलक तथा सूचनामूलक कार्यक्रमसमेत हिन्दूवादी विचारद्वारा प्रभावित भएको हामी पाउँछौँ । यी कार्यक्रमहरूमा पनि पाप-पुण्य, धर्म-माया, सांसारिक मोह वा मोक्षको चर्चा गर्दै यसमा विश्वास गर्ने उच्च जातिकै सोचअनुरूप प्रस्तुत गरिन्छ । परिणामतः समाजमा भगवानको नाम (कृष्ण, राम, वासुदेव, सीता आदि) लाई आदर्श मान्ने र छोराछोरीको नाम त्यसरी जुराउने मान्यतालाई स्थापित गर्दछ । र, फेरि त्यो नाम रेडियोमा पुग्दा हिन्दूकरणको एउटा चक्र पूरा हुन्छ । उदाहरणको लागि रेडियो कार्यक्रमको केही संवादः

*कृषि कार्यक्रम*
बूढीआमाः (सुस्केरा लिँदै) हरि ओम् ! शिव !!
जेटीएः नमस्कार ! बूढीआमा
बूढीआमाः नमस्कार ! नमस्कार बाबु ! ...
जेटीएः आमा, पिँढीमा बसेर फलफूल खाँदै कुरा गरौँ ।
बूढीआमाः धन्य होस् । हरिओम् ! एकादशीको दिन ! ब्रतालुलाई फलफूल खुवाउने मान्छे त भाग्यमानी हुन्छन् बाबु ! ...
(अनि फलफूल खेतीको प्रसङ्ग सुरु हुन्छ)
*फोन इन कार्यक्रम*
सञ्चालकः नमस्कार ! को बोल्नुभयो ?
श्रोताः नमस्ते दाइ म राम बोलेको ।
सञ्चालकः अनि सीता कहाँ छिन् त ?
श्रोताः ...
सञ्चालकः लङ्का विजय गर्नुभयो त ?
.........

यी र यस्ता अनगिन्ती संवाद रेडियो नेपालबाट प्रसारण भइरहेको हामी पाउँछौं । यसले रेडियो नेपालमा रहेको हिन्दू संस्कृतिको प्रभूत्वलाई पुष्टि गर्छ । नेपालमा हिन्दू संस्कृतिको विस्तार र अन्य संस्कृतिको लोपोन्मुख स्थितिबारे विभिन्न विद्वान्ले गहिरो अध्ययन गरेका छन् ।[७] ती अध्येताहरूको एउटै निष्कर्ष के छ भने हिन्दूकरण र एकीकरण एकै हो भन्ने मान्यताका साथ विचार, धारणा र अन्तरक्रियाहरूलाई प्रचार प्रसार गरिएको छ, जसमा रेडियो नेपाललगायतका सञ्चारमाध्यम प्रत्यक्ष सहभागी छन् । कहिले बुद्धलाई विष्णु भगवान्को दशौँ अवतारको रूपमा व्याख्या गरेर, किराँत, वोन अन्य धर्मको अस्तित्त्व छैन भनेर र थुप्रै नदी, पहाड, ताल आदिको आदिम भौतिक नामलाई समेत विकृत गरेर हिन्दूकरण गरिएको छ । यो नीतिको निरन्तरताको लागि रेडियो नेपाल आफै र यसलाई निर्देश गर्ने परम्परागत एकल राष्ट्रवादी धारणामा फेरबदल आउन नसकेर नै आदिवासी जनजातिको पक्षमा राष्ट्रिय प्रसारण संस्था रेडियो सकारात्मक हुन नसकेको हो ।

[७] नेपाली समाजमा जनजातिबारेको बहस प्रजातन्त्रको पुनर्स्थापनापछि टड्कारो रूपमा अगाडि आएको हो । जनजाति सवालले पत्रपत्रिकामा पनि थोरबहुत स्थान पाएकै छन् । त्यसबाहेक केही अध्येताहरूले यसबारे अध्ययन गरी पुस्तक प्रकाशन पनि गरेका छन् (हेर्नुहोस् गुरुङ सन् १९९८, गुरुङ सन् १९९४) ।

रेडियो नेपाल स्थापनाकालदेखि नै हिन्दू राष्ट्रवादको अवधारणाबाट सञ्चालित हुँदै आएको छ । नेपालको बहुजातीय समाजको आधारमा नेपालको राष्ट्रियताको स्वरूप बहुजातीय हुनुपर्ने हो । तर, राज्यले अवलम्बन गरेको नीति हिन्दू धर्मबाट प्रेरित र निर्देशित छ । यसलाई समाजशास्त्री डा. कृष्णबहादुर भट्टचनले 'बाहुनवादी सोच' को उपमा दिनुभएको छ भने जनजाति आन्दोलनका अन्य अगुवाहरूले खस ब्राह्मण अहङ्कारवाद, विशिष्टतावादी, ब्राह्मणवादी, मनुवादी, खस ब्राह्मणवादी सोच, संस्कृतीकरण आदि भन्ने गरेका छन् ।

हिन्दू राष्ट्रवादको अवधारणा सुरुमा समाज सुधारको भेषमा जनजाति समुदायमा पसेको हो । प्रारम्भमा यो अवधारणा मासु खाने वा नखाने, रक्सी-जाँड पिउने वा नपिउने विषयमा सीमित थियो । जसलाई एउटा कुप्रथाको रूपमा प्रचार गरेर बाहुनहरूले आफूले भने आदर्श सभ्यताको अनुकरण गरेको बताउँदै आए । यी विषयसँगै भेषभूषा, कर्मकाण्ड र जीवनशैलीबारे पनि हिन्दू आदर्शलाई स्थापित गराइयो । र, आदिवासी जनजातिको भेषभूषा, रीतिथिति, रहनसहन, खानपिन आदिलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा घृणा उत्पन्न गराउने काम गरियो । जसलाई भारतीय समाजशास्त्री एमएन श्रीनिवासले संस्कृतीकरण भनेका छन् (सिंह सन् १९९९: १३८) ।

मुलुकको जातीय समस्या समाधान गर्ने तीनओटा विकल्प राष्ट्रिय बहसका रूपमा प्रस्तुत भएका छन् । पहिलो विकल्पमा राष्ट्रिय ढाँचामा नमिल्ने सबैलाई मासेर, मिलाएर सम्मिलनको प्रक्रियाद्वारा भविष्यमा एक जाति, एक भाषा र एक संस्कृतिको राष्ट्र बनाउने हो । त्यस्तै दोस्रोमा बहुलजाति र संस्कृतिको अस्तित्त्व स्वीकार गर्दै क्रमिक रूपमा राष्ट्रिय प्रवाहमा सम्मिश्रण गर्दै लैजाने भन्ने हो । तेस्रो विकल्पमा विद्यमान समाजको विविधतालाई कायम राख्दै सहअस्तित्त्वको आधारमा समान सहभागिताको नीतिबाट समाधान गर्ने हो । समस्या समाधानको तेस्रो विकल्प जनजातिहरू आफैले, दोस्रो विकल्प केही प्रगतिशील मानिने दल एवं बुद्धिजीवीहरूले रुचाएको पाइन्छ । तर पहिलो विकल्प हालको स्थिति हो । यो नीति कार्यान्वयनमा राज्यका विभिन्न अङ्ग, सामाजिक अगुवा र शैक्षिक प्रतिष्ठानलगायत विभिन्न तत्त्वहरूको रचनात्मक भूमिका आवश्यक हुन्छ । यसमा सक्रिय सहभागी र प्रत्यक्ष अगुवा भने नेपालका सञ्चारमाध्यमहरू हुन सक्छन् । यसमा रेडियो नेपालको भूमिका अझ बढी हुन्छ ।

## *ख. जनजाति सहभागिताको अभाव*

नीति निर्माण तहमा मुलुकको जनसङ्ख्याको अनुपातमा आदिवासी/जनजातिको सहभागिताको अभाव राष्ट्रकै मूल समस्या हो । रेडियो नेपाल यसमा अछूतो छैन । ज्ञान र शक्तिको प्रयोग हुने बखत निर्णयाधिकारीलाई विभिन्न तत्त्वहरूले

प्रभाव पार्छन् । यस्ता तत्त्वमा जातीय, वर्गीय र सामाजिक अस्तित्त्व आदि पनि पर्दछन् । यस अर्थमा पनि रेडियो प्रसारणमा आदिवासी जनजाति समुदायको प्रतिनिधित्व अनिवार्य हुन्छ । तर, रेडियो नेपालको स्थापनाकालदेखि हालसम्मको नीति निर्माण तह (सञ्चारमन्त्री र रेडियो निर्देशक) मा जनजातिको सहभागिता नगण्य रहेको तथ्य तालिका २०.४ ले देखाउँछ ।

**तालिका २०.४: रेडियोको नीति निर्माण तहमा जातीय सहभागिता**

| **पद** | **सञ्चारमन्त्री** | | **निर्देशक** | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| खस-ब्राह्मण | ४७ | ६४.३८ | ११ | ७८.५७ |
| नेवार | ५ | ६.८५ | २ | १४.२९ |
| आदिवासी/जनजाति | ७ | ९.५८ | - | - |
| मधेशी | १४ | १९.१८ | १ | ७.१४ |
| जम्मा | ७३ | १०० | १४ | १०० |

स्रोतः रिसाल र रिसाल (२०६१); श्रेष्ठ (२०५६ख) ।

रेडियो नेपालको कूल ७११ कर्मचारीमध्ये कार्यक्रम उत्पादनसँग प्रत्यक्ष सरोकार राख्ने जनशक्तिको सङ्ख्या केवल १९६ रहेको रेडियो नेपाल प्रशासन शाखाका शिव प्याकुरेलले जनाऊ दिनु भएको छ । ती १९६ जना बाहेकका कर्मचारीहरू प्रशासन, लेखा, प्राविधिक एवं सुरक्षासँग सम्बन्धित छन् । कार्यक्रम उत्पादन प्रक्रियामा विषयको छनोट र प्रस्तुतिमा उनीहरूको संलग्नता हुँदैन । तसर्थ यहाँ कार्यक्रम उत्पादन प्रक्रियामा संलग्न सञ्चारकर्मीको स्थिति मात्र विश्लेषण गरिएको छ ।

तालिका २०.५ मा दिइएका १९६ जनामध्ये ७४ जना करार सेवामा नियुक्त छन् भने बाँकी १२२ जना रेडियो नेपालका स्थायी दरबन्दीमा छन् । जातीय सहभागिताको दृष्टिकोणले नेवार १२ जना सहित जनजातिको सहभागिता ४२ जनाको अर्थात् २१.४३ प्रतिशत छ । मधेशी शीर्षकमा राखिएका थारू, राजवंशी समेतका रेडियो सञ्चारकर्मीलाई जनजातिअन्तर्गत् नै राख्ने हो भने रेडियो नेपालमा यस समुदायको सहभागिता त्यति निराशाजनक होइन । अन्य मिडिया हाउसको सञ्चारकर्मीको तुलनामा रेडियो नेपालमा जातीय सन्तुलनको स्थिति केही हदसम्म सकारात्मक हो । तर सत्य के पनि हो भने राष्ट्रिय भाषाको समाचारमा कार्यरत विभिन्न मातृभाषाका सम्पादक, सह सम्पादक र समाचार वाचकलाई प्रस्तुत तथ्याङ्कबाट अलग गर्ने हो भने जनजाति सहभागिताको ठूलो अंश घट्नेछ । विशेष गरेर समाचार डेस्कमा यो सहभागिता शून्यमा झर्नेछ ।

**तालिका २०.५: रेडियो नेपालको प्रसारणमा जातीय सहभागिताको स्थिति विवरण, २०६० साल**

| | जनजाति | | | | नेवार | | | | मधेशी | | | | दलित | | | | ब्राह्मण/खस | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु. | म. | ज. | प्र. | पु. | म. | ज. | प्र. | पु. | म. | ज. | प्र. | पु. | म. | ज. | प्र. | पु. | म. | ज. | प्र. | पु. | म. | ज. | प्र. |
| समाचार डेस्क | १० | ६ | १६ | २१.३३ | ३ | ३ | ६ | ८.०० | १२ | २ | १४ | १८.६७ | १ | - | १ | १.३३ | ३५ | ३ | ३८ | ५०.६६ | ६१ | १४ | ७५ | १००.०० |
| संवाददाता | - | - | - | - | - | - | - | - | ५ | - | ५ | १६.६६ | - | - | - | - | २४ | १ | २५ | ८३.३४ | २९ | १ | ३० | १००.०० |
| कार्यक्रम | ६ | १ | ७ | १२.०६ | १ | - | १ | १.७३ | १ | - | १ | १.७३ | - | - | - | - | ३५ | १४ | ४९ | ८४.४८ | ४३ | १५ | ५८ | १००.०० |
| सङ्गीत | ५ | २ | ७ | २१.२१ | ५ | - | ५ | १५.१५ | ३ | - | ३ | ९.०९ | ५ | - | ५ | १५.१५ | १२ | १ | १३ | ३९.४० | ३० | ३ | ३३ | १००.०० |
| जम्मा | २१ | ९ | ३० | १३.३१ | ९ | ३ | १२ | ६.१३ | २१ | २ | २३ | ११.७४ | ६ | - | ६ | ३.०६ | १०६ | १९ | १२५ | ६३.७७ | १६३ | ३३ | १९६ | |

स्रोतः रेडियो नेपाल ।

पु.– पुरुष

म.– महिला

ज.– जम्मा

प्र.– प्रतिशत

सोही तथ्याङ्कभित्र जनजाति महिला सहभागिता त झनै निराशाजनक रहेको छ । समाचार सङ्कलन गर्ने जिम्मा पाएको रिपोर्टिङ शाखामा समग्र जनजातिको उपस्थिति शून्य रहेको बखत जनजाति महिला सहभागिता निकै टाढाको विषय जस्तै देखिन्छ ।

अनुसन्धानको क्रममा जनजाति रेडियो सञ्चारकर्मीसँगको कुराकानीबाट के थाहा भयो भने रेडियो सञ्चारकर्मीले आफ्नो खुबी, विषयगत दक्षता एवं चाखअनुसार अन्य कार्यक्रम निर्माण गर्न सक्छन् तर समान पदमा रहेका मातृभाषाका समाचार सम्पादक एवं वाचकहरूलाई यो मौका उपलब्ध छैन । यो पनि भेदभावकै एउटा रूप हो भन्ने जनजाति रेडियो सञ्चारकर्मीहरूको धारणा छ । यसले समाचार सम्पादक भएपनि उनीहरू मूलधारको समाचार सम्पादन, चयन एवं प्राथमिकता तोक्न सक्दैनन् । उनीहरूको काम केवल समाचार अनुवाद गर्नु मात्र हो ।

## *ग. जनजातिहरुकै अग्रसरताको अभाव*

आदिवासी-जनजातिको समस्याहरूमा सबै दोष राज्यको मात्रै होइन । जनजाति आफै पनि कतिपय समस्याको कारक बनेका छन् । आफ्नो रीति, भाषा एवं सामाजिक धरातल छोडेर हिन्दू उच्च जातिको अन्धानुकरण गरेर श्रेष्ठताको ढोङ रच्ने प्रवृत्ति पनि पछिल्लो समयमा जनजातिहरू माझ विकास भएको छ । कथित आधुनिक जीवनशैली अपनाउने नाउँमा हिन्दूवादी संस्कृति अपनाउने, जनजातिको पहिचान 'हामी भावना' लाई त्यागेर पश्चिमीकरण गर्दै व्यक्तिवादी धारणा अपनाउने पनि जनजाति छन् ।

आर्थिक हैसियत भएका केही जनजातिहरू सामाजिक काममा जुट्न धक मान्छन् ।  जनजातिको हकहितको पक्षमा सङ्गठित भएमा राज्यबाट साम्प्रदायिक, विखण्डनकारीको आरोप लगाइन्छ भन्ने मानसिकताबाट ग्रस्त केही उच्चतहका जनजाति प्रशासक, राजनीतिज्ञ पनि आमसञ्चारको भाषामा कथित मूलधारको मात्र कुरा गर्ने र जनजाति समाजमा अर्कै कुरा गर्ने परम्परा छ । यसले गर्दा रेडियो नेपाललगायतका सञ्चारमाध्यममा सशक्त दबाब दिने अभियानमा असर परेको छ भने समाचार स्रोतमा पनि प्रभाव परेको छ ।

दलित र महिला सवालमा कार्यरत केही गैर सरकारी संस्थाको पहलमा रेडियो नेपालमा ती समुदायबारे कार्यक्रम सञ्चालन भइरहेको पाइन्छ । यस्ता प्रयास जनजाति सवालमा कार्यरत गैर सरकारी संघ संस्थाहरूले पनि गर्न नसक्ने होइनन् । तर, यसतर्फ उनीहरूको ध्यान गएको छैन । वास्तवमा सञ्चारमाध्यमको

प्रयोग र यसले समाजलाई पार्ने प्रभावबारे जनजाति महासंघ, आदिवासी जनजाति प्रतिष्ठान र अन्य जातीय सङ्गठनहरू अहिलेसम्म त्यति गम्भीर छैनन् । उनीहरूको एउटै तर्क आम जनजातिहरू रेडियो यन्त्र राख्ने हैसियतमा नै नपुगेको बखत यस्तो पहल फजुल मात्र हुन सक्छ भन्ने पाइन्छ । तर, आमसञ्चार र जनप्रसारको सिद्धान्तलाई हेर्ने हो भने यस्तो तर्कमा कुनै आधार छैन ।

## समस्या समाधानका केही सुझावहरू

### *नीतिगत*

१. बहुजातीय, बहुधार्मिक, बहुभाषिक र बहुसांस्कृतिक मुलुकको विशेषताअनुसार संविधान, कानुन र नियमहरू राज्य पक्षबाट पुनरावलोकन गरिनुपर्छ ।
२. हिन्दूवादी राष्ट्रवादको अवधारणा परित्याग गरेर बहुल राष्ट्रवादको नीति राज्यले अख्तियार गर्नुपर्छ ।
३. राज्यले त्रैभाषिक शिक्षा नीति अपनाउनुपर्छ र रेडियो नेपाललाई बहुभाषिक रेडियो स्टेसन बनाइनुपर्छ ।
४. रेडियो नेपाल लगायतका सरकारी सञ्चार माध्यममा सकारात्मक विभेद (आरक्षण) मार्फत सन्तुलित जातीय प्रतिनिधित्व गराइनुपर्छ । निजी क्षेत्रका माध्यममा पनि यसो गर्नका लागि प्रोत्साहन हुने नीति ल्याइनु पर्दछ ।
५. रेडियो नेपाललाई सरकारी हस्तक्षेपबाट मुक्त गरी स्वतन्त्र निकायको रूपमा विकास गरिनुपर्छ र यसको सञ्चालन बहुजातीय सञ्चालक परिषद्को मातहतमा राखिनुपर्छ ।

### *व्यवहारिक*

१. रेडियोका समाचारमूलक, शिक्षामूलक र मनोरञ्जनात्मक कार्यक्रममा आदिवासी-जनजातिका मुद्दा, विषय र गतिविधिलाई समावेश गरिनुपर्छ ।
२. आर्थिक कार्यक्रम (*अर्थ संसार, बैंकिङ, उद्योग व्यवसाय* आदि) ले जनजातिलाई कसरी आर्थिक रूपमा सशक्तीकरण गर्ने र पेशा, सीप र व्यवसायलाई आधुनिकीकरण गरेर उनीहरूको जीवनस्तर उठाउन कसरी सकिन्छ भन्ने उद्देश्यले कार्यक्रमको फर्माटमा सुधार गर्नुपर्छ ।
३. महिला कार्यक्रमले जनजाति महिलाको पनि समस्या प्रस्तुत गर्ने र उनीहरूलाई आत्मनिर्भर बनाउने पक्षमा वकालत गर्नुपर्छ ।

४. कृषि, स्वास्थ्यजस्ता शिक्षामूलक कार्यक्रमलाई आवश्यकताअनुसार राष्ट्रिय भाषामा प्रसारण गरेर आधुनिक प्रविधि, सीप सिकाउन प्रेरित गर्नुपर्छ ।
५. राष्ट्रिय भाषाका कार्यक्रमलाई सम्बन्धित भाषीको बसोवास क्षेत्र, रुचिलाई ध्यानमा राखेर हाल प्रसारण भइरहेको भाषालाई केन्द्रीय प्रसारणबाट र अन्य कार्यक्रम (शिक्षा, सूचना र मनोरञ्जन) पनि सुरु गरिनुपर्छ ।
६. राष्ट्रिय भाषाको कार्यक्रमको पूर्वाधार तयार भएको (हेर्नुहोस् अनुसूची १ को तालिका २०.६) लाई सम्बन्धित क्षेत्रीय प्रसारणबाट कार्यक्रम प्रसारण आरम्भ गरिनुपर्छ । र, पूर्वाधार नभएकालाई पनि कमसेकम साप्ताहिक कार्यक्रम निर्माण गर्ने परिपाटी बसाल्नुपर्छ ।
७. कुशल र सक्षम जनशक्ति निर्माण गर्न रेडियो प्रसारणसम्बन्धी उचित तालिम एवं प्रशिक्षणको व्यवस्था गरिनुपर्छ ।
८. जनजाति संस्था (सरकारी, गैर सरकारी) ले जनजाति कार्यक्रम बनाउन सूचना तथा स्रोतहरू उपलब्ध गराउनुपर्छ ।

## निष्कर्ष

रेडियो नेपाल राज्यको राष्ट्रिय प्रसारण संस्था हो । मुलुकभर यसका कार्यक्रम सुन्न सकिने भएकाले पनि रेडियोका कार्यक्रमको महत्त्व अधिक रहँदै आएको छ । यस्तो सञ्चारमाध्यमको प्रमुख प्राथमिकता मुलुकवासीको इच्छा र चाहना हुनु पर्ने हो । रेडियो नेपालको इतिहास र वर्तमानलाई नियाल्दा त्यस दिशातर्फ क्रमिक रूपमा अग्रसर हुन थालेको माथिको अध्ययनले जनाउँछ । तर, ती प्रयासहरू अपर्याप्त मात्र होइन, अत्यन्त धीमा गतिले भएकाले यसको स्वरूप र गतिमा समयानुकूल सुधार गर्नु जरुरी भएको छ ।

रेडियो नेपाल एउटा राष्ट्रिय संस्था भए पनि यो संस्थासँग सरकारी निकाय र नागरिक समाजबीच गहिरो अन्तरसम्बन्ध छ । रेडियो कार्यक्रमको उत्पादन स्रोत नागरिक समाज, सांस्कृतिक समूह, राजनीतिक, सामाजिक, आर्थिक गतिविधि र यससँग सम्बन्धित समूह हो भने यसको उपभोग गर्ने (श्रोता) सम्पूर्ण नागरिक हुन् । त्यसरी नै यसलाई परिचालन गर्ने निकाय राज्य हो । यसर्थ रेडियो नेपाल राज्य र नागरिकबीचको पुल हो । यसमार्फत दोहोरो सुसम्बन्ध कायम गराउन रेडियोले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने भए तापनि हालसम्म यसको चरित्र एकाङ्की मात्र छ । यो दोषपूर्ण स्थितिको अन्त्य गराउन रेडियो नेपाल एउटा स्वतन्त्र सञ्चारमाध्यमको रूपमा विकास गरिनु अत्यन्त आवश्यक छ । यसका लागि बहुजातीय समाजको आवश्यकताअनुसार परिवर्तन गर्दै लैजानुपर्छ ।

# अनुसूची १

**तालिका २०.६: रेडियो कार्यक्रमका लागि आदिवासी जनजातिको भाषिक स्थिति**

| कार्यक्रम सञ्चालन भइरहेका | पूर्वाधार तयारभएका | पूर्वाधार तयार गर्न सकिने | पूर्वाधार उन्मुख | पूर्वाधार निर्माण गर्नुपर्ने |
|---|---|---|---|---|
| १. थारू | १. राजवंशी | १. संथाली | १. थामी | १. खालिङ २. कुमाल |
| २. तामाङ | २. चाम्लिङ | २. भुजेल | २. कुलुङ | ३. छन्त्याल ४. कुर्मी ५. जिरेल |
| ३. नेवार | | ३. चेपाङ | ३. धिमाल | ६. बाम्बुले ७. पुमा ८. ह्योल्मो |
| ४. मगर | | ४. दनुवार | ४. याक्खा | ९. नाछिरिङ १०. दुरा ११. मेचे |
| ५. राई-बान्तवा | | ५. सुनुवार | ५. थुलुङ | १२. पहरी १३. बोटे १४. बाहिङ |
| ६. गुरुङ | | ६. थकाली | ६. दराई | १५. कोयू १६. राग १७. हायु |
| ७. लिम्बू | | ७. झँागड | | १८. व्याँसी १९. याम्फू २०. घले |
| ८. शेर्पा | | ८. माझी | | २१. लोहेरूङ २२. मेवाहाङ |
| | | | | २३. काइके २४. राउटे २५. किसान |
| | | | | २६. बरामो २७. तिलुङ २८. जिरुङ |
| | | | | २९. दुङमाली ३०. ओरिहा |
| | | | | ३१. लिङ्खिम ३२. कुसुन्डा |
| | | | | ३३. कोचे ३४. दुर्माली ३५. कागते |
| | | | | ३६. छिन्ताङ ३७. ल्होमी |

***टिप्पणी:***

१. यो तालिका छलफलको लागि मात्र तयार गरिएको हो ।

२. यो तालिकाको वर्गीकरण गरिँदा सम्बन्धित भाषीको जनसङ्ख्या, सो भाषाको लेख्य परम्परा र बसोबासको एकिकृत थलो (जनघनत्त्व) को आधारमा बनाइएको छ ।

३. जस्तो प्रत्येक जनगणनाको परिणाम सार्वजनिक भएपछि जनसङ्ख्याले प्रभाव पार्ने सबै पक्ष पुनरावलोकन गर्ने गरिन्छ । उदाहरणका लागि निर्वाचन क्षेत्र पुनरावलोकन गर्नुको तात्पर्य जनगणनाको परिणामको प्रभाव हो । त्यस्तै भाषिक कार्यक्रम पनि जनसङ्ख्याको आधारमा सञ्चालन गर्ने नीति भएकोले सो परिणामअनुसार पुनरावलोकन गरिनु जरुरी छ ।

४. यहाँ प्रस्ताव गरिएको राजवंशी १२९,८२९ (०.५७) र चाम्लीङको ४४,०९३ (०.१९) जनसङ्ख्या रहेकोले भाषिक कार्यक्रमको पूर्वाधार पूरा भएको मान्नु पर्दछ । यसबाहेक बजिका भाषिकाको जनसङ्ख्या २३७,९४७ देखिएको छ । यो मैथिली भाषाको उप-भाषिका भएकोले यहाँ चर्चा गरिएको छैन ।

५. पूर्वाधार तयार गर्न सकिने राष्ट्रिय भाषामा अन्य मुलुकको उदाहरणलाई आधार मानिएको छ । जस्तो लेटिन अमेरिकाको रेडियो बोरुकाले मालेकु, ज्यामा, ब्री आदि भाषालाई तीन हजार जनसङ्ख्या भएमा भाषिक कार्यक्रम सञ्चालन गर्ने

नीति लिएको छ । स्पेनिश भाषाको स्मल टाउन रेडियोले पनि न्यूनतम् तीन हजार जनसङ्ख्या भएका यस्ता कार्यक्रम सञ्चालन गर्ने नीति लिएको छ । नेपालमा नै काठमाडौँ उपत्यकाका रेडियो सगरमाथा, एचबीसी, मेट्रो एफएमले उपत्यकाका अल्पसङ्ख्यक तामाङ, लिम्बू, उर्दू भाषाको कार्यक्रम सञ्चालन गरेर भाषिक जनसङ्ख्याको मापदण्डलाई उदाहरण प्रस्तुत गरेका छन् । यसैले यहाँ ३० हजार जनसङ्ख्याको एउटा मापदण्डमा पूर्वाधार तयार गर्न सकिने भाषाको सूचीमा प्रस्ताव गरिएको छ ।

६. पूर्वाधार उन्मुख र पूर्वाधार तयार गर्नु पर्ने भाषाको पहलमा समूदायको स्तरबाट पहल भइरहेका र लोपोन्मुख स्थितिमा भएका भाषालाई राखिएको छ ।

७. नेपालमा राष्ट्रिय भाषाको बृहत्तर सर्वेक्षण नभएकोले यसको स्थिति अझै प्रकट रूपमा आइसकेको छैन । यसैले भाषालाई बचाउन सर्वप्रथमतः राष्ट्रिय सर्वेक्षण र संरक्षणका नीति अपनाइनु पर्छ । अन्य, कुरा सुझाव खण्डमा समेत उल्लेख छ ।

## अनुसूची २

**तालिका २०.७: नेपालका आदिवासी जनजातिहरूको अवस्था वर्गीकरण सूची**

| लोपोन्मुख | अति सीमान्तीकृत | सीमान्तीकृत | सुविधा वञ्चित | सुविधा सम्पन्न |
|---|---|---|---|---|
| १. कुसुण्डा | १. माझी | १. सुनुवार | १. गुरुङ | १. नेवार |
| २. बनकरिया | २. सियार | २. थारू | २. मगर | २. थकाली |
| ३. राउटे | ३. ल्होमी | ३. तामाङ | ३. राई | |
| ४. सुरेल | ४. थुदाम | ४. भुजेल | ४. लिम्बू | |
| ५. हायू | ५. धानुक | ५. राजवंशी | ५. छैरोतन | |
| ६. राजी | ६. चेपाङ | ६. कुमाल | ६. ताङवे | |
| ७. किसान | ७. सतार (सन्थाल) | ७. गनगाई | ७. तिनगाउँले थकाली | |
| ८. लेप्चा | ८. झाँगड | ८. धिमाल | ८. बाह्रगाउँले | |
| ९. मेचे | ९. थामी | ९. भोटे | ९. मार्फाली थकाली | |
| १०. कुशवाडिया | १०. बोटे | १०. दराई | १०. शेर्पा | |
| | ११. दनुवार | ११. ताजपुरिया | ११. याक्खा | |
| | १२. बरामो | १२. पहरी | १२. छन्त्याल | |
| | | १३. तोप्केगोला | १३. जिरेल | |
| | | १४. डोल्पो | १४. व्यासी | |
| | | १५. फ्री | १५. ह्योल्मो | |
| | | १६. मुगाली | | |
| | | १७. लार्के | | |
| | | १८. ल्होपा | | |
| | | १९. दुरा | | |
| | | २०. बालुङ | | |

स्रोतः नेपाल आदिवासी जनजाति महासंघ, सन् २००४ ।

# अनुसूची ३

## तालिका २०.८: नेपालका आदिवासी जनजातिको जनसङ्ख्या

| आदिवासी समूह | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| **हिमाल** | **१९०,१०७** | **०.८२** |
| शेर्पा | १५४,६२२ | ०.६८ |
| भोटे/भोटिया | १९,२६१ | ०.०८ |
| थकाली | १२,९७३ | ०.०६ |
| व्यासी | २,१०३ | ०.०१ |
| वालुङ | १,१४८ | ०.०१ |
| **पहाड** | **६,०३८,५०६** | **२६.५** |
| मगर | १,६२२,४२१ | ७.१४ |
| तामाङ | १,२८२,३०४ | ५.६४ |
| नेवार | १,२४५,२३२ | ५.४८ |
| राई | ६३५,१५१ | २.७९ |
| गुरुङ | ५४३,५७१ | २.३९ |
| लिम्बू | ३५९,३७९ | १.५८ |
| घर्ती/भुजेल | ११७,५६८ | ०.५२ |
| सुनुवार | ९५,२५४ | ०.४२ |
| चेपाङ/प्रजा | ५२,२३७ | ०.२३ |
| थामी | २२,९९९ | ०.१ |
| याक्खा | १७,००३ | ०.०७ |
| पहरी | ११,५०५ | ०.०५ |
| छन्त्याल | ९,८१४ | ०.०४ |
| बरामो/ब्रमु | ७,३८३ | ०.०३ |
| जिरेल | ५,३१६ | ०.०२ |
| दुरा | ५,१६९ | ०.०२ |
| लेप्चा | ३,६६० | ०.०२ |
| हायू | १,८२१ | ०.०१ |
| ह्योल्मो | ५७९ | ० |
| कुसुण्डा | १६४ | ० |

| आदवासी समूह | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| **भित्री मधेस** | **२५१,११७** | **१.११** |
| कुमाल | ९९,३८९ | ०.४४ |
| माझी | ७२,६१४ | ०.३२ |
| दनुवार | ५३,२२९ | ०.२३ |
| दराई | १४,८५९ | ०.०७ |
| बोटे | ७,९६९ | ०.०४ |
| राजी | २,३९९ | ०.०१ |
| राउटे | ६५८ | ० |
| **तराई** | **१,७८६,९८६** | **७.८५** |
| थारू | १,५३३,८७९ | ६.७५ |
| राजवंशी | ९५,८१२ | ०.४२ |
| सतार/सन्थाल | ४२,६९८ | ०.१९ |
| झाँगड/धागर | ४१,७६४ | ०.१८ |
| गनगाई | ३१,३१८ | ०.१४ |
| धिमाल | १९,५३७ | ०.०९ |
| ताजपुरिया | १३,२५० | ०.०६ |
| मेचे | ३,७६३ | ०.०२ |
| किसान | २,८७६ | ०.०१ |
| कोचे | १,४२९ | ०.०१ |
| मुण्डा | ६६० | ० |
| पहिचान नभएका | ५,२५९ | ०.०२ |
| **नेपालको कुल जनसङ्ख्या** | **२२,७३६,९३४** | **१००** |
| **आदिवासी जनजातिको कुल जनसङ्ख्या** | **८,२७१,९७५** | **३६.३** |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, सन् २००१ ।

# अनुसूची ४

## तालिका २०.९: रेडियो नेपालका जनजाति सञ्चारकर्मी, २०६० साल

कार्यक्रमतर्फ

| क्र.सं. | पद | नाम, थर |
|---|---|---|
| १. | का.मु. कार्यक्रम निर्देशक | पाण्डव सुनुवार |
| २. | मुख्य कार्यक्रम प्रबन्धक | धन लामा |
| ३. | मुख्य कार्यक्रम प्रबन्धक | मदनदास श्रेष्ठ |
| ४. | मुख्य कार्यक्रम प्रबन्धक | युक्तबहादुर गुरुङ |
| ५. | कार्यक्रम संयोजक | इन्दिरा श्रेष्ठ |
| ६. | सह-संयोजक | अमरध्वज लामा |
| ७. | सह-उद्घोषक | भरत तामाङ |
| ८. | कार्यक्रम सम्बन्धी | दीपेन्द्र गुरुङ |

सङ्गीततर्फ

| | | |
|---|---|---|
| १. | वाद्यवादन संयोजक | मनराज नकर्मी |
| २. | वाद्यवादन संयोजक | बुलुहाङ राई |
| ३. | सङ्गीत संयोजक | निरञ्जन महर्जन |
| ४. | सह-गायन संयोजक | रत्नकुमारी मगर |
| ५. | सह-गायन संयोजक | रामबहादुर जिम्बा |
| ६. | गायक | मोदनसुन्दर श्रेष्ठ |
| ७. | वाद्यवादक | खड्गप्रसाद गर्बुजा |
| ८. | सह- वाद्यवादक | सीताराम ताजपुरिया |
| ९. | सह- वाद्यवादक | एकराम श्रेष्ठ |
| १०. | सह- वाद्यवादक | विद्या मुकारुङ |
| ११. | सह- वाद्यवादक | नवराज गुरुङ |
| १२. | सह- वाद्यवादक | कान्छाराज कर्णिकार |
| १३. | सह- वाद्यवादक | ओमानसिंह योञ्जन |

समाचार डेस्कतर्फ

| | | |
|---|---|---|
| १. | वरिष्ठ सम्पादक | ध्रुव मधिकर्मी |
| २. | सम्पादक | मिलन राई |
| ३. | सम्पादक | श्री प्रधान |
| ४. | सम्पादक | जुक्तिप्रसाद पुन |
| ५. | सम्पादक | नवलसिंह राना |
| ६. | सम्पादक | रामदुलारी राना |
| ७. | सम्पादक | जीवन राना |
| ८. | सम्पादक | सुजाता सुनुवार |
| ९. | सम्पादक | गेलु शेर्पा |
| १०. | सम्पादक | टङ्कलाल राई |

| | | |
|---|---|---|
| ११. | सम्पादक | सुदर्शन श्रेष्ठ |
| १२. | सम्पादक | प्रेमनारायण मानन्धर |
| १३. | सम्पादक | बिमला बुढा |
| १४. | समाचारवाचक | रमिताकुमारी लामा |
| १५. | समाचारवाचक | ल्हाक्पा तेङज लामा |
| १६. | समाचारवाचक | मीङमा शेर्पा |
| १७. | समाचारवाचक | शीलादेवी गुरुङ |
| १८. | समाचारवाचक | ऐतमाया चेम्जोङ |
| १९. | सह-समाचारवाचक | रचना श्रेष्ठ |
| २०. | सह-समाचारवाचक | श्यामकुमार राई |
| २१. | सह-समाचारवाचक | विनिता चौधरी |
| २२. | सह-समाचारवाचक | ध्यानबहादुर मोक्तान |

स्रोतः रेडियो नेपाल, अभिलेख शाखा, चैत मसान्त २०६० ।